Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष-१४ , अंक- ४५, २०७९ साल असार ७ गते मंगलबार (Jun 21, 2022) www.janaakash.com.np मूल्य रु १०।-

**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

**अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।**

**जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।**

**सम्पर्क: ४१६७५७८ (बागबजार)**

**मोबाइल: ९८६१५८८४५६**

Email: jana.news2065@gmail.com

# देशभरी मलको अभाव

**मोहन कार्की ।**

नेपालमा यतिवेला मलको हाहाकार भएको छ । देशका अधिकाँस ठाउँहरुमा मक्कै र मुख्य बाली धान रोप्दा प्रयोग हुने पोटास, युरिया रासायनिक मलको अभाव छ ।

किसानहरुले मलको अभावमा यतिवेलाको सिजनल मक्कै गोडेका छैनन् भने धान बाली लगाउन सकेका छैनन् । कतिपय ठाउँमा सिचाँईको व्यवस्था छैन । त्यस्ता ठाउँहरुमा आकाशेपानीको साहायताले खेती गर्नुपर्ने बाध्यता भएका क्षेत्रमा पानी परेका समयमा मल नपाउदा कृषिमा ठुलो ह्रास आउने सम्भावना बढेको छ । मानो रोपेर मुरी फलाउने र त्यही फलेको अन्नले जीविकोपार्जन गर्ने नेपाली किसानहरुले यो बर्ष मलको चरम अभाव हुदा भोक्कै पर्ने सम्भावनाको तनावले पिरलोमा परेका देखिन्छन् ।

त्यही पिरलोमा परेका किसानहरुले शनिवार धादिङ जिल्लामा मलको गाडी आइनपुग्दै मलको गाडीमा झुन्तिन पुगेका थिए । किशानहरु ट्रकको बारवाट जोखिम मोलेर मलको बोरा तानतान गरिरहेका भिडियो सार्वजनिक भएको छ । त्यस भिडियोमा किशानहरुलाई नियन्त्रण गर्न सशस्त्र प्रहरी बलले किशानहरुलाई लछार पछार पार्दै बन्दुकको कुन्दाले एक महिला किसानलाई हिर्काइरहेको र आकाशमा



फाइरिङ गरिरहेको दृष्यले कृषिप्रधान देशका किशानहरुले व्यहोर्नु परेका दर्दनाक अवस्थाको चित्रण देखाएको छ ।

सोही विषयलाई लियर प्रतिनिधि सभा बैठकको शून्य समयमा सांसदहरुले विरोध गरेका छन् । तर उनिहरुको विरोध आउदै गरेको चुनावमा किशानको वारेमा वोलेर भोट आफ्नो पक्षमा पार्न खोजेका मात्र हुन् । त्याहा सदनमा विरोध गरेर भाषण गरेर मलको सहजता आपुर्ति हुने देखिदैन । हुदैन । विगतमा तिनै संसदहरु, र उनिहरु आवद्ध पार्टीका संसदहरु त्यही कृषि मन्त्रायमा मन्त्री, राज्य मन्त्री र राजनीतिक रुपमा नियुक्त हुने कृषि कम्पनी लिमिटेडमा अध्यक्ष भइसकेका छन् । त्यतिवेला किसानका समस्या र दिर्धकालीन कृषि नीति बनाउन नसक्नेहरुले यतिवेला गरेका भाषणले विरोधले तात्वयिक अर्थ राख्दैन ।

ति संसदरुले विरोध गर्ने वित्तिक्कै समस्या सावधान भएको हुन्थ्यो भने उहिल्यै यस्ता किशानका समस्या सावधान भयर नेपाल कृषिमा आधुनिकीकरण भइसकेको र अन्तराष्ट्रियस्तरमा खाद्य निर्यात गर्ने देश हुने थियो । किसानलाई भाषण गर्ने संसद, मन्त्री, चाहिएको छैन । काम गर्ने, इमानदार नेतृत्व चाहियको छ ।

तर नेपलमा त्यस्तो काहा छ र ! बाबुराम भट्टराई प्रधानमन्त्री हुदा नेपालमा नै मल कारखाना खोल्ने योजना सार्वजानिक भएको थियो । त्यसपछिका सरकारहरुले जनतालाई अश्वस्त पार्ने ढाट्ने काम गर्दै मल कारखाना खोल्ने झुट्टो आश्वसन दिदै आएका छन् । कृषि मन्त्रालयले

बाँकी ६ पृष्ठमा

# राप्रपाले आयललाई मागपत्र बुझ्यो

काठमाडौं । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिको कारण मागेको छ । नेपाल आयल निगमलाई सोमबार पत्र बुझाउँदै राप्रपाले मूल्यवृद्धिसँग सम्बन्धित सात वटा प्रश्नको जवाफ मागेको छ ।

राप्रपाले नेपालका अतिविशिष्ट व्यक्तिहरुलाई वार्षिक रुपमा उपलब्ध गराउने इन्धनको परिमाण, आयाल निगमका कर्मचारीले पाउने बोनस के कति हो त्यसको जानकारी दिन भनिएको छ । यस्तै पेट्रोल, डिजेल र मट्टितेलको कच्चा पदार्थको मूल्य, त्यसको प्रशोधनमा लाग्ने खर्च, सरकारलाई तिनु पर्ने कर, ढुवानीमा लाग्ने भाडासहितको विवरण माग गरिएको राप्रपाका प्रवक्ता एवम् सुशासन विभाग प्रमुख ज्ञानेन्द्र शाहीले जानकारी दिए ।

आयल निगमले सोमबारदेखि लागु हुने गरी पेट्रोलको भाउ लिटरको १९९ र डिजेलको १९२ रुपैयाँ पुऱ्याएको छ ।

त्यस्तै नेपाल अआयल निगमले इन्धनको मुल्य वृद्धि गरेपछि विराटनगरमा यातायात व्यावसायी र मजदुरले चक्काजाम गरेका छन् ।

मूल्य वृद्धि भएपछि एक लिटर पेट्रोलको मूल्य १९९ रुपैयाँ पुगेको छ भने एक लिटर डिजेल र मट्टितेलको मूल्य १९२ रुपैयाँ पुगेको छ । मूल्य वृद्धिको विरोधमा सार्वजनिक सवारी यातायात मजदुर र सञ्चालकले कोसी राजमार्गको विराटनगरको राजवशी चोकमा सडक खण्डमा सवारी साधन राखेर यातायात अवरुद्ध गरेका हुन् । पेट्रोलियम पदार्थमा भएको मूल्य वृद्धिको विरोध गर्दै नेकपा एमाले निकट अनेरास्ववियुले बुटवलमा प्रदर्शन गरेको छ । बुटवल बहुमुखी क्याम्पस अगाडि सडकमा जम्मा भएका विद्यार्थीहरूले मूल्य वृद्धि फिर्ता गर्न माग गर्दै सडकमा टायर बालेर केहीबेर सवारी साधनलाई चल्न नदिएका हुन् । प्रदर्शनमा बोल्दै अनेरास्ववियु रुपन्देहीका अध्यक्ष शेषकान्त पोखरेलले सरकारले नागरिकलाई राहत दिनुको साटो निरन्तर मूल्य वृद्धि गरेर जनताको ढाड सेकेको आरोप लगाए । मूल्य वृद्धि तत्काल फिर्ता नभए जिल्लाव्यापी आन्दोलन चर्काउने पोखरेलले चेतावनी दिए । नेपाल आयल निगमले आइतबार रातिदेखि लागू हुने गरी पेट्रोलियम पदार्थको मूल्यमा भारी वृद्धि गरेको थियो ।

# नेकपा(माले)को केन्द्रीय कमिटीको बैठक सम्पन्न

काठमाडौं । नेकपा (माले)को आठौ महाधिवेशन पछिको पाँचौ केन्द्रीय




कमिटीको बैठक सम्पन्न भएको छ । यहि असर १ गते पार्टी महासचीव सिपी मैनालीको अध्यक्षतामा शुरु भएको बैठक असार ३ गते सम्पन्न भएको थियो । बैठकमा २०७९ बैशाखमा भएको स्थानीय तहको निर्वाचनको समिक्षा, तथा राष्ट्रिय-अन्तराष्ट्रिय परिस्थितिको वारेमा छलफल भएको थियो ।

देशभरीवाट आएका केन्द्रीय सदस्यहरुले दिएका सुझावहरुलाई पार्टीका स्थाई कमिटी सदस्य कुमार बेलवासे र दिनानाथ घिमिरे, जनक चालिसे, खगेन्द्र प्रसाई, कृष्ण रानाले टिपोट गरेका छन् ।

पार्टीले स्थानीय तहमा एक सिट कुनै पनि ठाउँमा निर्वाचन नजित्नुको कारणहरु सहित समिक्षा भएको थियो । आउदा दिनमा पार्टीमा निस्क्रिय भएका केन्द्रीय कमिटी, पोलिट ब्युरो, स्थाई समितिका सदस्यहरुलाई परामर्शकारी सदस्य बनाएर राख्न विधान संशोधनको प्रस्ताव पेस भई एकमतले पास भएको छ ।

यहि कार्तिक २९ गते हुन लागेको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा जनतासमक्ष राष्ट्रियताका मुद्दामा देशभक्त मोर्चा बनायर जाने निर्णय पनि पार्टीले गरेको छ ।

उक्त माले पार्टीको इतिहास पुरानो छ । २०३५ सालमा माले पार्टी स्थापना हुदाका संस्थापकहरु, मदन भण्डारी, झलनाथ खनाल, बामदेव गौतम, माधव कुमार नेपाल, सिपी मैनाली, राधाकृष्ण मैनाली, जीवराज आश्रित हुन । मदन भण्डारी र जीवराज आश्रितको दासढुङगा कार दुंघटनामा हत्या गराई स्वर्गीय भइसकेका छन् । माधव नेपाल, झलनाथ खनाल २०४७ सालमा नेकपा (माले) र नेकपा मार्क्सवादी लेलिनवादी मिलेर नेकपा (एमाले) भएको थियो त्यही एमाले पार्टीवाट प्रधानमन्त्री भइसकेका

बाँकी ६ पृष्ठमा


# जुत्ता चप्पल मेलामा छुटैछुट

काठमाडौं । काठमाडौंको भृकुटी मण्डपमा जारी वृहत जुत्ता चप्पल




मेलामा जुत्ता चप्पल खरिद गर्नेहरुको भिड बढ्दै गएको छ । मेलामा हजारभन्दा मोडलका जुत्ता चप्पल ३० देखि ७० प्रतिशतसम्म छुटमा किन्न पाइने भएकाले सर्वसाधारणको भिड बढेको हो । मेलाका संयोजक रामहरि तोलाङगेका अनुसार मेलामा धेरै ग्राहक आउने र व्यापार पनि धेरै हुने भएकाले थोरै मात्रै नाफा खाएर बिक्री गर्न व्यवसायीहरू

बाँकी ६ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# नेपालमा कम्युनिष्ट पार्टी कम्पनी हुन की पार्टी

हाम्रो देश नेपालमा जतिको धेरै कम्युनिष्ट पार्टी सायद संसारमा काही छैन होला । तर ब्यवहरमा एउटै कम्युनिष्ट पार्टी भएको पाइयन । श्रममा विश्वास नगर्ने, चन्दा, विदेशीलाई सहयोग गरेवापत प्रप्त हुने पैशा, कमिशन, सरकारमा जादा गर्ने भ्रष्टचारवाट अपवादमा वाहेक कोही चोखो रहेको पाइएन ।

जसको कुनै उद्योग, देखिने ब्यपार, ब्यवसाय छैन उसैको करोडौको सम्पती नेपालका कम्युनिष्ट पर्टी नामका नेताहरुको जसले कुनै उद्योग, ब्यवसाय, छैन उसैको करोडभन्दा माथिको गाडी, बगला, विलासिताका जिन्दगी यो कसरी सम्भव भयो ? यस्ता नेताहरुले अरुलाई पाठ सिकाउन सुहाउछ की सुहाउदैन । पार्टीका निम्ति योगदान गर्ने कयौ श्रमजीविहरुको अवस्था कहिल्यै माथि नउठ्ने, तर गफ लगायर झुटका खेती गर्नेहरुको सम्पती अप्रत्यसित देखिने नेपालमा कस्ता खालका कम्युनिष्ट पार्टी छन् । तपाई हामीले देखिराखेका छौ ।

निर्धक्कसाथ भन्न सक्छौ कोही विदेशी गुप्तचर संस्थाहरुका भत्ता खाने कोही रअ, कोही क्वानपु, कोही सिआइए, कोही रसियन खुफिया, कोही एमआई फाइभ, एमआई सिक्सलगायत छन् ।

अफुबाहेक अरुलाई राम्रो नदेख्ने, र घाटमा नसेलाउनजेलसम्म अरुको सुझाव सल्लाह नस्वीकार्ने जडशुत्रवादको विरोध पनि गर्ने आफुभित्र भएको क्रुरता नफाल्ने । नेपालका कम्युनिष्ट पार्टी नाम लेखेर उल्टै नेपालमा केही न केही वाहानामा हिंसा रोप्न उद्धत र हिंसा रोपेर विदेशी हतियार किनेर आफ्नै दाजुभाई मार्न लगाउने र हतियार बिक्रीको पैशाको कमिशनमा रमाउने त्यसैलाई क्रान्ति भएको मान्ने पनि यिनै कम्युनिष्ट पार्टी नामका र त्यसैको मिलिभगतमा वेला वेलामा जोडिने नेपाली काँग्रेसका गिरोहहरुको कामले नेपाल देशलाई विश्वका राष्ट्रहरुसँग प्रतिस्पर्धा गर्न नेपाललाई ५० बर्ष पछाडी पारेको छ ।

नेपालका प्रतिष्ठा, निष्ठा, उच्च शान, नेपालका परराष्ट्र नीतिको विशेषता भत्काईसकेका छन् । मान्छे बरालेर आफु नेता भएको स्वाङ पार्ने चलन थियो विस्तारै त्यो त कम हुदै गएको छ । तर देशको अवस्था विगारिसकेका छन् । फेरी नेपालीको शिर उच्च राख्न र नेपालको विगतको विरासत उठाउन धेरै मेहनत गर्नुपर्ने र राष्ट्रिय अस्तित्व जोगाउन, कुटनैतिक क्षेत्रमा देखियको धारासायीलाई मिलाउदै उच्च नेपालीको शान राख्न कठिन बनाई सकेका छन् । यो कठिन घडिमा अहिलेका देशप्रति चिन्ता राख्ने युवा बैज्ञानिक, समाजसेवी, राजनीतिक शास्त्रका बिद्यार्थी, वुद्धिजीविहरु, शिक्षहहरु, पेशाकर्मी लगायतले नेपाल देशको हित पक्षधरहरुले यो देशको अस्तित्वको लागि कठिन तर नगरि नहुने काम गर्नुपर्ने भएको छ ।

नेपालमा कम्युनिष्ट, काग्रेस एकै हुन् ?

भारतमा खुलेका २००४ मा नेपाली काँग्रेस र २००६ सालमा नेपाल कम्युनिष्ट पार्टी स्थापना भएका हुन् । यिनिहरुले पार्टी स्थापना गरेको देखिय पनि तिनीहरुको उदेश्य नेपालका महत्वपुर्ण अधोग बन्द गराउने कलकारखाना नक्कली मजदुर खडा गरेर नजायज माग राखेर तालाबन्दी गर्ने ,नेपालवाट भारत वा अन्य मुलुकमा निर्यातजन्य बस्तुलाई निमिट्यान्न पार्ने, अन्तराष्टिय ब्यवापार घाटा गराउने गरी नेपाललाई अर्थतन्त्रमा कमजोर बनाउदै विदेशीसँग हात थापेर उच्च सम्मानका साथ बाचेका नेपालीलाई शिर निउराउने बनाउन खोलेका पार्टीले ७० बर्षमा देशलाई मागेर खाने परिस्थितिमा पुऱ्याएका छन् ।

नेताहरुले सुखभोग त गरे तर आत्मसम्मान गुमाउँदैछन् ।

नेपालका कांग्रेस, कम्युनिष्ट नाम वा अन्य पार्टीका पदीय लाभ लिने जति नेताहरुले काठमाडौमा सुखभोग गर्नेगरी सम्पती त कमाएका छन् । उनिहरुले आत्मसम्मान गुमाउदै छन् । विस्तारै विस्तारै विदेशी शक्तिको दवाव, प्रभाव, खेप्न नसक्ने गरी थिचो मिथोमा देश परिसकेको छ । सीमा अतिक्रमण, आर्थिक नाकाबन्दी, साइलेन्स नाकाबन्दी, नेपालमा आ□नै उत्पादन केही नहुदा आयतित सामानहरुको मुल्यबृद्धि अत्याधिक बढेर जनतामा राजनीतिक पार्टीप्रति धृर्णा उत्पन्न भएको छ । अन्तराष्ट्रियस्तरमा जनताको विश्वास जित्न नसकेको नेपालका नेताहरुको सन्देश जादा उनिहरुको आत्म सम्मान गिरेको छ । बाहिर नबोले पनि भित्री रुपमा उनिहरुलाई आत्म गलानी भयको सहजै अनुमान लगाउन सकिन्छ ।

धनसम्पतीले आत्म सम्मान किन्न नपाइदो हरेछ भन्ने ज्ञान नयाँ पुस्ताहरुले सिकेर मेहनतमा विश्वास गर्ने, श्रमलाई विश्वास गर्ने उत्पादनमा ध्यान दिने, चेतनामास्तरमा पुर्णत, विज्ञान र प्रविधिमा नयाँ नयाँ अविस्कारको खोजी गर्ने, विश्वका मानव जातिलाई सेवा पुग्ने प्रविधि उत्पादन गर्न माइन्ड, मनि, मशल अर्थात, ज्ञान, सीप, पैसा, र शरीरिरमा भएका खेर जाने शक्तिलाई पसिनामा बदलेर नेपाल देश सुन्दर नेपाल बनायर विश्वमा नेपालको उदारण अधिकाँश देशहरुले लिने बनाउनु पर्छ । त्यो आट नेपालका नेपालमा नै बसेका र देशभक्तिपुर्ण भावनाले ओतप्रोत साथै ब्यवहारमा समेत देखाउन सक्ने नेपालीहरुले आट गर्नुपर्छ ।

अब पुराना पुस्ता र पुरानै प्रणलीवाट नेपालको विकास सम्भव छैन । राजनीतिक पार्टीहरुको आवश्यक्ता नेपाली गर्न छोडिसकेका छन् । स्वतन्त्र युवाहरुको आट र विवेकले कस्तो काम गर्छ देशको भविष्य त्यसैमा निर्भर हुने भएको छ । त्यसैले नयाँ प्रणाली विकास गर्न अति जरुरी भएको छ ।

# दलहरूप्रति घट्दो आकर्षणका आयाम

**राम गुरुङ**

सिट संख्या बदलिए पनि स्थानीय तहको निर्वाचन(२०७९ मा राजनीतिक दलहरूको लोकमत फरक नपरेको देखियो । तर देशका धेरै ठाउँमा स्वतन्त्र उम्मेदवारले जितेका छन्, जसलाई दलतन्त्रविरुद्धको जनमत भन्नेहरू पनि छन । अद्यापि धेरै मतदाताले दलीय उम्मेदवारको विकल्प पाएनन । यो अर्थमा यसले कसरी दलीय प्रतिस्पर्धामा समेत स्वतन्त्र उम्मेदवारले कसरी जित्छन् भन्ने प्रश्न जन्माएको छ। यसको जवाफ खोज्न गएको एक वर्षमा तराई(पहाडका नागरिकहरूसँग गरिएका कुराकानीहरूको सन्दर्भ लिएर 'राजनीतिक प्रक्रिया तथा जागरण' को सैद्धान्तिक चस्माबाट विवेचना गरिएको छ ।

पृष्ठभूमि

२०४९ सालमा आवधिक स्थानीय निकायको निर्वाचनको जग बसेको हो । अपवादबाहेक २०७४ सालसम्मका निर्वाचनमा राजनीतिक दलहरूकै प्रभुत्व थियो । यसले गर्दा आवधिक निर्वाचनहरू संस्थागत पनि भए । तर अहिले स्वतन्त्र उम्मेदवार पनि बलिया देखिएका छन । देशभर ७३ राजनीतिक दलको सहभागिता भए पनि स्वतन्त्र उम्मेदवारले पाएको मतले दलीय प्रभावमाथि प्रश्न उठाएको छ । प्रभावशाली दलीय उम्मेदवारहरू अनपेक्षित रूपमा पराजित भएका छन । विजयी स्वतन्त्र उम्मेदवारले पाएको मत कुल मतदानको (बदर मतबाहेक) ४३ प्रतिशतभन्दा माथि छ । यो स्वाभाविक भए पनि राजनीतिक दृष्टिमा सोचनीय छ। यसका केही दृष्टान्त हेरौं ।

दृष्टान्त १ : निर्वाचन परिणाम आइरहेको थियो । यसैबीच एमालेले पाएको जनमतबारे एमालेकै एक नेतासँग कुरा गर्ने मौका मिल्यो । तर उनले मत परिणामलाई दलीय प्रतिस्पर्धाभन्दा माथि नबुझेको मैले पाएँ । उनको तर्कमा, अन्तर्घात र दल विभाजनले एमाले कमजोर बनायो । जनताले दलीय उम्मेदवारको विकल्प खोजिरेहेकातर्फ उनको ध्यान गएको देखिएन, जुन निर्वाचन र बदलिँदो समाज, राजनीति, अर्थव्यवस्था आदिसँग अमिल्दा थिए ।

दृष्टान्त २ : निर्वाचनअघि र पछि काठमाडौंका केही मतदातासँग मैले कुरा गरेको थिएँ । झन्डै ६७ प्रतिशत मतदाताले आफूले दलीय उम्मेदवारको विकल्प खोजेको बताएका थिएरु। दलका नेताले आफ्ना लागि काम नगरेको उनीहरूको बुझाइ थियो । झट्ट हेर्दा, यो राजनीतिक दलप्रतिको वितृष्णाजस्तो देखिन्छ । तर यो सतही बुझाइ हुन सक्छ । यसै गरी वैशाख ३० गते म काठमाडौं महानगर पालिकाका केही निर्वाचन केन्द्र पुगेको थिएँ । मतदानबाट फर्किएका १७ जना मतदातामध्ये झन्डै ८४ प्रतिशत मतदाताले दलीय उम्मेदवारलाई मतदान गर्नु आफ्नो बाध्यता हो भनेका थिए । उनीहरूले नेताले चुनावलाई स्रोतदोहनको बाटो बनाएको आरोप लगाएका थिए ।

दृष्टान्त ३ : माघ पहिलो हप्ता स्थलगत अध्ययनका लागि म मोरङ जिल्ला पुगेको थिएँ । अध्ययनका लागि विभिन्न व्यक्ति तथा समूहसँग कुराकानी गरिएको थियो । करिब ९३ प्रतिशत सहभागीले नेताहरूले विकासमा विभेद गर्छन् भनेर बुझेका थिएरु। बाटो, पानी र राज्यले दिने सेवासुविधा आफ्नो मान्छे र आफ्नो गाउँमा थुपारेको उनीहरूको आरोप थियो । सडकमा करोडौं रुपैयाँ खर्च गर्ने नेताले खानेपानीका लागि ८(१० हजार रुपैयाँसम्म सहयोग नगरेको अनुभव सुनाएका थिए । दलीय नेताहरूले सडक र भवनबाहेक अन्त ध्यान नदिएको उनीहरूको ठहर थियो ।

स्थानीय तहको निर्वाचन राजनीतिक विषय मात्र होइन, यसका अनेक अर्थ( सामाजिक पक्ष पनि छन्, जसले दलीय कुरालाई ओझेलमा पार्छन । यसमा मतदाता(उम्मेदवारको सम्बन्ध र मतदाताका समस्यामाथि उम्मेदवारले देखाउने चासोले बढी महत्त्व राख्छ, जसबारे तल तथ्यसंगत विश्लेषण गरिएको छ ।

राजनीतिक अवसर

आवधिक निर्वाचन संस्थागत लोकतन्त्रको प्रमुख आधार हो । यसले नयाँ जनप्रतिनिधि चुन्ने मौका मात्रै दिँदैन, नागरिकका आवश्यकता र अपेक्षालाई सम्बोधन गर्ने वा गराउने अवसर पनि दिन्छ । तर यो आफैंमा २००७, २०३६, २०४६ वा २०६२ सालको आन्दोलनले ल्याएको ऐतिहासिक राजनीतिक परिवर्तनको परिणाम हो, जसले गोप्य मताधिकारलाई संस्थागत हुने मौका दियो । नागरिकले स्वतन्त्र र सार्वभौम भई जनप्रतिनीधि छान्ने अधिकार पाए । स्थानीय शासन( व्यवस्थामा जनसहभागिता र जनचासो बढ्यो । यसले दलीय गतिविधिमाथिको आलोचना पनि बढायोरु। तर यसलाई दलीय नेताले बुझ्ने चेष्टा गरेनन्रु। नागरिकले आफ्ना कुरा नसुन्ने दलका उम्मेदवारलाई गोप्य मतदानबाट जवाफ दिए ।

कार्यकर्ताको संकुचन

सबै राजनीतिक दलको संगठनको बनोट उस्तै छैन । कार्यकर्ता बनाउने वा परिचालन गर्ने आ(आफ्ना तरिका, विधि वा प्रक्रिया छन । कांग्रेसले २००७ सालदेखि नै जनआस्थालाई संगठनको आधार बनायो । यसकै कारण कांग्रेस भित्रको असन्तुष्टिको लोकतान्त्रिक व्यवस्थापन अलि संस्थागत भएको देखिन्छ । तर यो साम्यवादी दल (?) खास गरी नेकपा एमालेको हकमा भेटिँदैन । संगठन कार्यकर्ताका भरमा चलेको भए पनि विधि र प्रक्रियाको लगाम भने नेताको हातमा रहेको देखिन्छ, जहाँ अनेक पर्खाल नाघेर संगठित कार्यकर्ताको भूमिका र योगदानको गणना हुँदैन । २००६ सालदेखि चलेको यस्ता अभ्यासले एमालेलाई संगठनमा प्रतिबद्ध कार्यकर्ता पाउनबाट रोकेको छ । अर्को अर्थमा, 'कर्पोरेट शैली' को चुनावी प्रचारले नेता( कार्यकर्ता-नागरिकबीचको अन्तरक्रियात्मक सम्बन्धलाई निषेध गरेको देखिन्छ ।

असंगठित युवा

संगठनको नवीकरण नै युवाको राजनीतिक सहभागिताले गर्दा हुने हो । यो काम दलले युवालाई संगठनमा आबद्ध गराउँदै, नेतृत्व र जिम्मेवारीसाथ अघि बढाउँदै लैजाँदा हुँदै जान्छ । गत ३० वर्षमा सबै राजनीतिक दल एउटै उमेर तथा लैंगिक समूहले चलाइरहेको देखिन्छ, जसका कारण २०५० सालपछि जन्मेका कुनै पनि युवाले राजनीतिक संगठनभित्र पस्नै पाएनन । यसले गर्दा उनीहरू राजनीतिक दर्शन, विचार र यसको अर्थ(सामाजिक महत्त्व बुझ्नबाट वञ्चित भए । यसलाई शिक्षा र रोजगारीसँग जोडेर पनि हेर्न सकिएला । औपचारिक शिक्षाले सर्वसाधारणको दलप्रतिको चासो घटायो पनि भनिएला । युवालाई दलमा संगठित गर्ने काम त दलीय नेताहरूले नै गर्ने हो, तर यसो हुन सकेन । परिणामतः दलहरूभित्र संगठित युवाको संख्या घट्दै गयो ।

दलीय तजबिजको नतिजा

संस्थागत र समृद्ध लोकतन्त्रका लागि दलीय सक्रियताको विकल्प छैन । अन्याय र विभेद अन्त्य गर्न राजनीतिक दलको भूमिका प्रशंसनीय छ । दलीय निर्वाचन प्रतिस्पर्धाले नै लोकतन्त्र बलियो हुने हो । अर्को अर्थमा, यसले जनमुखी काम नगर्ने दल र नेतालाई तह लगाउने अवसर पनि दिन्छ । तर दलीय नेताहरूको कार्यशैली र व्यवहार दलतन्त्र उकास्ने र लोकतन्त्रलाई निस्तेज गर्ने गरी संस्थागत भए । यसले नगारिकको स्वास्थ्य, शिक्षा तथा रोजगारीजस्ता आधारभूत मानव अधिकारलाई कमजोर बनायो । सबैतिर नेता(कार्यकर्ताको तजबिज बलिया भएकाले नागरिकको समस्यामाथि दलको ध्यान जान सकेन । यसर्थ नागरिकले आफू हेपिएको, पाखा पारिएको भनेर सोच्नु स्वाभाविक हो ।

***सामाजिक सञ्जाल आदिले नागरिकलाई बहस गर्ने ठाउँ मात्रै दिएका छैनन्, उनीहरूको आफ्नै जीवन र भोगाइप्रति पनि आलोचनात्मक बनाइदिएका छन । दलीय नेताहरूका कारण म र मेरो परिवारको यो दुर्गति भयो भन्न सक्ने भएका छन । त्यति मात्र होइन, त्यसबाट पार पाउन संघर्ष गरिरहेका छन । राजनीतिक दलको कार्यक्रममा जान विभिन्न लालच बाँडिएका घटना र स्थानीय तहको निर्वाचनमा भएका अनपेक्षित मतदान यसका उदाहरण हुन । यसले नागरिकलाई दलतन्त्रबाट मुक्त बनाउँदै स्वतन्त्र उम्मेदवार रोज्न बाध्य बनायो । यो परिवेशलाई राजनीतिक दलका नेताहरूले लेखाजोखा गरेको देखिन्नरु। नागरिकले आफ्नै जीवनको अनुभवबाट पनि दलीय राजनीतिबारे निर्णय लिन्छन् भन्ने तथ्यको अवमूल्यन हो यो । यसले राजनीतिक दलहरुलाई स्थानीय तहको निर्वाचनको अकल्पनीय मोडमा पुऱ्याइदियो ।***

तर दलतन्त्र यसरी विस्तार भयो, देशको भौतिक पूर्वाधार निर्माणदेखि सामुदायिक विद्यालय व्यवस्थापनसम्म, कुनै पनि क्षेत्रलाई छोडेन । यसको राजनीतिक लाभ स्वतन्त्र उम्मेदवारहरूले उठाए ।

स्थानीय संगठनको विकास

अहिले नागरिकलाई संगठित हुन राजनीतिक दल नै रोज्नुपर्ने बाध्यता छैनरु। आफ्ना समस्या राख्न, समाधानका लागि छलफल गर्न दलीय नेता गुहार्नैपर्ने अवस्था पनि रहेनरु। आफ्नो जीवन कस्तो छरु? यो कसरी र किन भइरहेको छ वा यसको अन्त्य कसरी गर्न सकिन्छ भन्नेबारे बहस एवं संवाद गर्न आमा समूह तथा टोल विकास संस्थाजस्ता अनेक स्थानीय संगठन सक्रिय छन । तिनको संगठन तथा व्यवस्थापन आपसमा मिलेर गरिरहेका छन । यसले राजनीतिक दल र नेताको विकल्प दिएको छ । मतदाता उनीहरूप्रति आलोचनात्मक र जागरुक भएका छन । यो अर्थमा स्थानीय तहमा दलीय सान्दर्भिकता कमजोर हुँदै गएको देखिन्छ । यो दलनियन्त्रित राजनीतिका लागि चुनौती हो ।

बदलिँदो घरपरिवार

समाज, अर्थतन्त्र र घरपरिवार सबै सँगै बदलिएका छन । पेसा, रोजगारी, परिवारको बनोट, घरपरिवार चलाउने व्यक्ति र तरिका पनि फेरिएका छन । यसले गर्दा देशको राजनीति पनि बदलिएको छ । गत ३० वर्षमा जति परिवार लोकतान्त्रिक बन्दै गएको छ, त्यति नै नेपाली घरपरिवारमा ठूलो उथलपुथल आएको छ । छोराछारीहरू परिवारको निर्णय गर्ने ठाउँमा आउने क्रम बढिरहेको छ । आमाबुबाको खेतीपातीले चल्ने घरहरू छोराछोरीको पेसा वा व्यवसायले चल्न थालेका छन । यसले गर्दा आमाबुबाको तजबिजमा राजनीतिक दललाई पछ्याउने जनसंख्या पनि घटेको छ । तर आमाबुबाबाट फुत्किएको राजनीतिलाई दलीय नेताहरूले बुझ्न सकेनन्, जो राजनीतिक दलको स्थानीय सन्दर्भ र महत्त्व नाप्ने आधार हुन ।

बढ्दो नागरिक बहस

नेपालले राजनीतिकसँगै आर्थिक क्षेत्रमा पनि उल्लेख्य फड्को मारेको छ । नागरिकको आम्दानी तथा उपभोग क्षमता र अवसर दुवै बढेको छ । सूचना तथा ज्ञान आर्जनका अवसर फराकिलो र सहज भएका छन । अर्थात्, सर्वसाधारणलाई राजनीतिक दलबारे बहस र छलफल गर्न सामाजिक सार्वजनिक सञ्जाल सहज उपलब्ध छ । मूलधारका सञ्चारमाध्यम, फेसबुक, ट्वीटरजस्ता सामाजिक सञ्जाल र निःशुल्कप्रायः ज्ञान एवं सूचनाका विद्युतीय सञ्चारमाध्यमले उपलब्ध गराएका देश(विदेशका घटनाले उनीहरू आलोचनात्मक र जागरुक बनेका छन । सोच र विश्लेषण क्षमता बढेकाले नागरिक बहस तथा अन्तरक्रिया निरन्तर र गहन भएको छ । नागरिकहरू प्रश्न गर्न सक्ने भएका छन्, जसले दलीय प्रतिस्पर्धाको सान्दर्भिकता र भविष्यमाथि प्रश्न झुन्डाएको छ । यसलाई दलीय चस्माबाट देखिँदैन ।

मतदाताको जीवन्त अनुभव

सामाजिक सञ्जाल आदिले नागरिकलाई बहस गर्ने ठाउँ मात्रै दिएका छैनन्, उनीहरूको आफ्नै जीवन र भोगाइप्रति पनि आलोचनात्मक बनाइदिएका छन । 'दलीय नेताहरूका कारण म र मेरो परिवारको यो दुर्गति भयो' भन्न सक्ने भएका छन । त्यति मात्र होइन, त्यसबाट पार पाउन संघर्ष गरिरहेका छन । राजनीतिक दलको कार्यक्रममा जान विभिन्न लालच बाँडिएका घटना र स्थानीय तहको निर्वाचनमा भएका अनपेक्षित मतदान यसका उदाहरण हुन । यसले नागरिकलाई दलतन्त्रबाट मुक्त बनाउँदै स्वतन्त्र उम्मेदवार रोज्न बाध्य बनायो । यो परिवेशलाई राजनीतिक दलका नेताहरूले लेखाजोखा गरेको देखिन्नरु। नागरिकले आफ्नै जीवनको अनुभवबाट पनि दलीय राजनीतिबारे निर्णय लिन्छन् भन्ने तथ्यको अवमूल्यन हो यो । यसले राजनीतिक दलहरूलाई स्थानीय तहको निर्वाचनको अकल्पनीय मोडमा पुऱ्याइदियो ।

जीवन(जगत्को तुलना

राजनीतिक दलबारेको सूचना र ज्ञानका लागि दलीय नेतृत्वमा रहेको निर्भरता हटेको छ । नागरिकले राजनीतिक दलहरूका गतिविधिबारे आपसमा स्वतन्त्र चर्चा एवं बहसको अवसर पाएका छन्रु। दुनियाँको अनुभवबाट आफ्नो जीवन अवस्था पर्गेल्छन्रु। त्यसलाई आफू र आफ्नो जीवनसँग दाँजेर हेर्छन्रु। धरानका मेयर हर्क साङपाङले समेत वैदेशिक रोजगारीका लागि विदेश बस्दाको अनुभवका कारण धरानको पानीको समस्या, कारण र समाधानबारे घोत्लिन सक्ने बनाए । यसलाई सुल्झाउन उनले आफूलाई राजनीतिमा सक्रिय बनाए । उनको प्रयासलाई धरानवासीले अनुमोदन पनि गरिदिए ।

निष्कर्ष

स्थानीय निर्वाचनमा दलहरूले पाएको जनमतबारे विभिन्न विश्लेषण भएका छन । धेरैले यसलाई दलहरूप्रति नागरिक(वितृष्णा मानेका छन । राजनीतिक दलप्रति नागरिक बुझाइ नै पर्याप्त कारण भने होइन । यसका अन्य कारण पनि छन्, जसको व्यवस्थित अध्ययन जरुरी छ । खास गरी यसलाई बुझ्न राजनीतिक दल र नेताहरूका गतिविधि एवं कार्यशैलीलाई जनताका बदलिँदो अर्थ(सामाजिक अनुभवसँग जोड्नु आवश्यक देखिन्छ, जसबाट दलीय निर्वाचन प्रतिस्पर्धाको सान्दर्भिकताबारे वस्तुगत बुझाइ बनाउन मद्दत मिल्नेछ । कान्तिपुर

# “More Local, More Global” अवधारणामा भिभो

**मोहन कार्की**

भिभो, एक अग्रणी विश्वव्यापी स्मार्टफोन ब्रान्डले प्रयोगकर्ताहरूको अनुभव बढाउन नवीनतम विशेषताहरु प्रदान गर्दै आइरहेको छ। यसले मोबाइल फोटोग्राफीमा भित्र्याएको अत्याधुनिक प्रविधि र प्रगतिका साथ विश्वभरका ग्राहकहरूको मन जित्न सफल भएको छ। यसले स्थानीय स्रोत परिचालनमा विशेष ध्यान केन्द्रितगर्दै “More Local, More Global” रणनीतिहरूमा जोड दिइरहेको कम्पनीले जानकारी दिएको छ।

उसले विज्ञप्तिमा भनेको भिभोले विविधतामा विश्वास गर्छ र एफएमसीजी, हस्पिटालिटी, इलेक्ट्रोनिक्स लगायत विभिन्न उद्योगमा अनुभव बटुलिसकेका कर्मचारीहरु यहाँ आवद्ध छन्। नेपालमा भिभोले प्रयोगकर्ताहरूलाई उत्कृष्ट स्मार्टफोन अनुभव प्रदान गर्नुका साथै, आफ्ना कर्मचारीहरूलाई समानान्तर रूपमा प्राथमिक्तामा राखेको छ। भिभोले कर्मचारीहरुको काम प्रति सन्तुष्टि र विकासका लागि कार्यस्थलमा सिकाइ वातावरणको महत्व र आवश्यकता बुझेको छ र उनीहरुलाई प्रोत्साहन गर्दै करियर वृद्धि र विकासका लागि आवश्यक स्रोतहरू र सामग्रीहरु प्रदान गर्दछ। यसले उनीहरुलाई विभिन्न तालिम र विकास कार्यक्रमहरु मार्फत आफ्नो सीप वृद्धि गर्ने वातावरण प्रदान गर्दछ।

हाल ६० भन्दा बढि देशमा उपलब्ध रहेको भिभोका विश्वव्यापी रुपमाचार सय मिलियन भन्दा बढि प्रयोगकर्ताहरू छन्। त्यस्तै सन् २०१७ मा नेपाली बजारमा प्रवेश गरेको भिभोले उद्योगकै पहिलो पप-अप क्यामेरा स्मार्टफोन, पहिलो रङ परिवर्तन गर्ने फोन (भी २३ फाइभजी), र स्लिम डिजाइन फोन लगायत नयाँ-नयाँ विशेषताहरु ल्याएको छ। नेपाली बजारमा भिभोका भी श्रृङ्खला र वाई श्रृङ्खलाका स्मार्टफोनहरू उपलब्ध छन्। वाई-सिरिज ब्याट्री, डिजाइन र क्यामेरा विशेषताहरूमा केन्द्रित छ भने भी-सिरिजका स्मार्टफोनहरू सुन्दर डिजाइन, शक्तिशाली प्रदर्शन र मोबाइल फोटोग्राफी भएका लक्जरी स्मार्ट फोनहरू हुन्।

भिभोल`दिर्घकालिन समयसम्म ब्राण्डसंग आवद्ध रहन इच्छुक ईमानदार कर्मचारीहरूको महत्व बझ्केको छ,जुन केवल काममा र व्यक्तिगत सन्तुष्टि मार्फत सुनिश्चित गर्न सकिन्छ।









यसका लागि भिभोले कर्मचारीहरूलाई प्रशस्त अवसरहरू प्रदान गर्दै उद्योग सम्बन्धी थप अनुभवहरूको लागि एक्सपोजरमा मद्दत गर्दछ। साथै भिभोले आफ्ना कर्मचारीहरूलाई मासिक र त्रैमासिक रूपमा विभिन्न मनोरञ्जन गतिविधिहरूमा संलग्न गराउदै आइरहेको छ जहाँ प्रत्येक कर्मचारीले उनीहरूको व्यक्तित्व अनुभव गर्न, एक्सपोजर हासिल गर्न र टिम प्लेयर हुन आवश्यक विविध सीपहरू अनुभव गर्न पाउँछन्। यसले काम बाहिरका गतिविधिहरू मार्फत कर्मचारीहरूमा स्थिर वृद्धि सुनिश्चित गर्दछ।

भिभो आफ्ना कर्मचारीहरूको व्यक्तिगत लक्ष्यहरू प्राप्तिका लागि मद्दत गर्न पाउँदा गौरवान्वित महशुस गर्दछ। भिभोले कर्मचारीहरूका `विकासमा मद्दत गर्न सीप मूलक तालिमका लागि फन्ड गर्दछ जस अन्तर्गत उनीहरुको रोजाइका कोर्षहरु पर्दछन्। साथै,तिनीहरू आफ्नो सीपहरु अन्य सहकर्मीहरुसंग बाड्न पनि सक्छन्।

यी सबै कारकहरूले अत्यधिक कार्यबलको परिणाम दिन्छ जुन दक्ष एवं विविध छ। भिभोमा कार्यरत प्रत्येक व्यक्ति यस क्षेत्रमा अरूलाई सिकाउन र मद्दत गर्न दक्ष छन् र उनीहरु थप अनुभवी र जानकार जनशक्ति निर्माणमा मद्दत पुर्याउन सक्षम छन्। यो त्यही प्राविधिक तथा सैद्धान्तिक प्रशिक्षणको नतिजा हो जुन भिभोले आफ्ना कर्मचारीहरूलाई संगठनमा आवद्ध भएपछि प्रदान गर्दछ।

भिभो नेपाल एकताको भावनामा विश्वास गर्दछ जहाँ सबै मिलेर हरेक उत्सवहरु मनाउने गर्दछन् र अलग धर्म र संस्कृतिको वावजुद विविधतालाई प्रवर्द्धन गर्दछन्। यस बाहेक, भिभोले युवाहरूमा विश्वास गर्छ। तिनीहरू चलाख, शिक्षित, र रचनात्मक छन्। यसले भिभोलाई सम्भावित कर्मचारीको रूपमा उनीहरूमा लगानी गर्न प्रेरित गर्छ। यसका लागि भिभोले विभिन्न संस्था र कलेजसंग सहकार्य गर्दै प्लेसमेन्ट ड्राइभ, क्यारियर फेयरहरू आयोजना गर्ने र सहभागी जनाउने गर्दै आएको छ। यस मार्फत भिभोले योग्य युवाहरूलाई उज्ज्वल भविष्यको प्रतिज्ञा मात्र गर्दैन, देशमा रोजगारी सिर्जना गर्न पनि मद्दत गर्छन्।

भिभो एउटा यस्तो संस्थाहो जसले आफ्ना कर्मचारीहरूलाई उच्च प्राथमिकतामा राखेको छ। यसले एक आदर्श संस्थाको रूपमा उनीहरूको हेरचाह गर्छ। सीप र ज्ञानमा मात्र नभई उनीहरुको मानसिक स्वास्थ्य र शारीरिक स्वास्थ्यमा पनि उत्तिकै ध्यान दिँदै कर्मचारी र ब्रान्ड दुवैको उज्ज्वल भविष्यको लागि वृद्धि र अवसरहरूको प्रतिज्ञा गर्दछ।

बिज्ञप्तिको रुप यस्तो थियो भने नेपालमा अन्तरष्ट्रिय ब्रण्ड भिभोले नेपालीहरुको मन जित्नुको साथै भिभोले स्वास्थ्य, समाजिक क्षेत्रमा समेत काम गर्ने बताएको देख्दा उल्लेखिय काम गर्न सक्ने विश्वास नेपालीहरुले लिएका छन्।


## रामेछाप नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

रामेछाप, बाग्मती प्रदेश

**सूचना ! सूचना !! सूचना !!!**

**व्यक्तिगत घटना घटेको ३५ दिनभित्र निःशुल्क रुपमा घटना दर्ता गरौं ।**

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तब्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरुलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं । हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरुलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं । ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

| लबश्री न्यौपाने | बालकुमारी कार्की(थापा) | रामचन्द्र लामगादे |
| --- | --- | --- |
| नगर प्रमुख | उप प्रमुख | प्रमुख प्रशासकीय अधिकृत |


# रामेछाप डायरी

## कांग्रेस निकट शिक्षक संघ रामेछापको अध्यक्षमा श्रेष्ठ चयन

रामेछाप। नेपाली कांग्रेस निकट शिक्षक संगठन नेपाल शिक्षक संघ रामेछापको नबौ जिल्ला अधिवेसनबाट अध्यक्षमा रामकृष्ण श्रेष्ठ निविरोध निर्वाचित भएका छन्। अधिवेशनबाट श्रेष्ठ अध्यक्षमा निर्वाचित भएका हुन्। अधिवेशनबाट महिला खुला उपाध्यक्षमा लक्ष्मी बुढाथोकी कार्की, पुरुष खुला उपाध्यक्षमा अर्जुनवहादुर श्रेष्ठ, सचिवमा मेघप्रसाद भट्टराई, अर्थ सचिवमा नारायणप्रसाद घिमिरे, सह सचिवमा राजकुमार खड्का सहसचिव महिलामा



फुलकुमारी गिरी , सहसचिव अर्थ महिलामा शान्तिकुमारी कार्की, सह सचिव समावेशीमा निराजन लामा र सुदिपकुमार कार्की समेत निर्बिरोध निर्वाचित भएका छन्। अधिवेशनले केशरी तामाङ, कमला राय, गंगा तामाङलाई महिला सदस्यमा र चन्द्र प्रसाद घिमिरे, भुवन थापामगर, कुमार खड्का र यज्ञवहादुर कार्कीलाई खुला सदस्यमा निर्विरोध निर्वाचित गरेको छ। उक्त अधिवेशनले पुरुष तर्फ संघीय महाधिवेशन प्रतिनिधिमा बाबुराम घिमिरे, चन्द्रवहादुर घिसिङ, टंकप्रसाद दाहाल, विजानवि श्रेष्ठ तथा महिला तर्फ प्रविना पौडेल र कमला थापा निर्विरोध चयन भएका छन्। प्रदेश प्रतिनिधि तर्फ जनार्दन घिमिरे, राजेन्द्र वस्नेत, हरीनारायण श्रेष्ठ, रुद्रवहादुर खत्री र बुद्धिराज फुयाँल तथा महिला तर्फ रेणुका ढकाल र मेनु पोखेल घिमिरे निर्बिरोध चयन भएका छन्।

## एमाले रामेछापका नेता कार्कीको निधन

काठमाडौं। नेकपा एमाले रामेछापका नेता चित्र बहादुर कार्कीको निधन भएको छ। काठमाडौंको अन्नपूर्ण न्युरो अस्पतालमा उपचारको क्रममा उनको निधन भएको हो। रामेछाप उमाकुण्ड गाउँपालिका निवासी कार्की केही समय अघि स्वास्थ्यमा समस्या आएपछि कार्की अस्पताल भर्ना भएका थिए। एमाले बामगती प्रदेश कमिटी सदस्य एवं २०५४ सालको स्थानीय निर्वाचनका पूर्व गाविस अध्यक्ष भएका कार्की लामो समयदेखि एमालेको राजनीतिमा सक्रिय रहदै आएका थिए। एमाले रामेछापका जिल्ला इन्चार्ज कैलाश ढुंगेलले कार्कीको निधनले पार्टीलाई अपुरणीय क्षति भएको बताए। उनले दुःखको यस घडीमा आफन्तजन एवं परिवारजनमा गहिरो समवेदना प्रकट गरेका छन्।

## रामेछाप नगरपालिका र बीमा समिति बीच अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न

बीमा समिति र रामेछाप नगरपालिका बीच स्थानिय तहसँग बीमा समिति विषयक अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ। नगर प्रमुख लवश्री न्यौपानेको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा बाल्दै नगर प्रमुख न्यौपानेले नगरबासीलाई आफ्नो फजुल खर्चलाई कटौती गरेर बीमा गर्न अनुरोध गर्नुभयो। उहाँले बीमा सम्बन्धी जनचेतना प्रवर्द्धनका लागि बीमा समितिसँग समन्वय गरेर नगरपालिका अगाडि बढ्ने बताउनुभयो। कार्यक्रममा सहभागिले कृषि बीमा,पशु विमा र कोरोना विमाको रकम भुक्तानी नभएको बारे प्रश्न गरेका थिए। कार्यक्रममा सहभागी धेरैले कोरोना बीमाको दाबी भुक्तानी कहिले पाइन्छ भन्दै समितिलाई प्रश्न गरेका हुन। त्यस्तै केहि सहभागिले पशु बीमाको दाबी भुक्तानीको विषयलाई लिएर पनि गुनासो व्यक्त गरेका थिए। उक्त कार्यक्रममा बीमा समितिले स्थानीय निकायलाई कृषि बीमा, पशुपन्छि बीमा, सम्पत्ती बीमा, जीवन बीमालाई स्थानीय निकायले आफ्नो सेवा सँग जोडेर अगाडि बढ्न अनुरोध गरेको छ। पिछडिएका, न्युन आय भएका वर्ग, किसान, महिला, विभिन्न पेसा व्यवसायमा लागेका व्यक्तिहरु, उद्योगी व्यापारी लगायत सबैलाई फाइदा हुने भन्दै समितिले बीमा गर्न सबैलाई अनुरोध पनि गरेको छ। अन्तरक्रिया कार्यक्रममा नगरपालिकाका जनप्रतिनिधिहरु, पत्रकार, उद्योग बाणिज्य संघका प्रतिनिधि, बीमा कम्पनी तथा बैंकका शाखा प्रमुखहरु, वित्तीय संस्थाका प्रतिनिधिहरु, कृषि प्राविधिक, अगुवा कृषकहरु तथा अन्य सरोकारवालहरुको उपस्थिति थियो।

## रामेछापका सन्यासी दसनामीहरु जुर्रमुराए

काठमाडौ। रामेछाप जिल्लाको मनपा वाडन ९ घर भई काठमाडौ बसोबास गर्दै आएका सन्यासी दसनामी समुदायका युवाहरु एकतामा बाधिन छलफलमा जुटेका छन्।

उनिहरुले मितिः २०७९ असार ४ गते सनिवार ललितपुरको एक होटलमा भेलाभई सन्यासी दसनामी एकता कसरी गर्न सक्रिन्छ। अहिलेको परिस्थितिमा एउटै गाउँका मानिसहरु काठमाडौ उपत्यकामा बसोबास गरेको भएपनि भेटघाट चिनजान नै नहुने जस्ता समस्यालाई सावधान चिनजान र सम्पर्ककम रहन आत्मियता बढोस भनेर भेला आयोजना गरियको भेला आयोजनाका सचीव राजेश गिरीले बताए। उनले आफ्ना समुदायलाई वेला वेलामा पर्ने समस्यालाई समुहिक रुपमा कसरी सावधान गर्न सकिन्छ भन्ने बिषयमा छलफल शुरु गराएका थिए। भेलाको अध्यक्षता गोकर्ण गिरीले गरेका थिए भने भेलाले सन्यासी दसनामी युवा समाज निर्माण गर्ने र कोषअध्यक्ष नानीबाबु पुरीलाई जिम्मेवारी दिएको बताएका थिए।

उक्त भेलामा धेरै जति मन्थली नगरपालिका वाडन ९ बाङगे सल्लाका सन्यासी दसनामीहरु रहेका थिय।

# एनएमबि बैंकको डबल प्रतिफलको योजना यस्तो छ

काठमाडौ । एनएमबि बैंकले आफ्ना व्यतिगत ग्राहकहरुको लागि आकर्षक मुद्दती योजना एनएमबि डबल मुद्दती र एनएमबि जन्मभूमि डबल मुद्दती सार्वजनिक गरेको छ ।

एनएमबि डबल मुद्दती योजना अन्तर्गत ग्राहकले न्यूनतम मौज्दात




रु.५०,००० वा सो भन्दा बढी रकमको मुद्दती खाता खोल्दा ७६ महिना पछि सो रकम डबल हुनेछ । त्यसैगरी, एनएमबि जन्मभूमि डबल मुद्दती योजना मा नेपालीहरुले वैदेशिक रोजगारिबाट रेमिट्यान्स आएको रकममा ७० महिनामै सो रकम डबल हुने बैंकले जानकारी गराएको छ ।

सोही योजना अन्तर्गत एनएमबि बैंकका ग्राहकहरूले आफ्नो मुद्दती र कमको ९० प्रतिशतसम्म क्रेडिट कार्ड सुविधा र उक्त कार्ड जारी गर्दा शुल्क नलाग्ने साथै मुद्दती रसिद धितोमा पनि ८० प्रतिशतसम्म कर्जा पाउन सकिने जानकारी दिएको छ ।

एनएमबि बैंक दि फिनान्सियल टाईम्स, लण्डनको 'द ब्यान्कर' पत्रिकाद्वारा एसियाकै सर्वोत्कृष्ट बैंकको उपाधी 'बैंक अफ दि इयर एसिया २०२१'बाट सम्मानित भएको बैंक हो । एनएमबि बैंकले २०१७, २०१८, २०२० र २०२१ का लागी पनि उक्त पत्रिकाद्वारा चार पटक नेपालकै उत्कृष्ट बैंकको उपाधी 'बैंक अफ दि इयर नेपाल' प्राप्त गरि सकेकको बैकले जानकारी गराउदै आएको छ । एनएमबि बैंकले हाल देशभरी २०१ शाखाहरु, १३८ एटिएमहरु र ११ एक्सटेन्सन काउन्टरहरु मार्फत उच्चस्तरीय सेवा प्रदान दिदै आईरहेको उल्लेख छ ।

# कामना सेवा विकास बैंकद्धारा १५ औ ंशाखा रहित बैंकिङ्ग सेवा सञ्चालन

कामना सेवा विकास बैंक लिमिटेडले देशका विभिन्न स्थानहरुमा सर्वसुलभ तथा अत्याधुनिक बैंकिङ्ग सेवा पुऱ्याउने उद्देश्यका साथ थप नयाँस्थानहरूमा मोबाइल एपमार्फत शाखारहित बैंकिङ्ग सेवा शुभारम्भ गरेको छ । बैंकले सेवा



विस्तार गर्ने क्रममा मिति २०७९ साल अषाढ ५गते आइतबारबाट नवलपरासी जिल्लाको कावासोती न.पा वडा नं ७ साँढमा शाखा रहित बैंकिङ्ग सेवा सञ्चालनमा ल्याएको छ ।

कावासोती न.पा वडा नं ७ साँढमा बस्ने भीमा भुर्तेललाई शाखा रहित बैंकिङ्ग सञ्चालनको लागि व्यावसायिक प्रतिनिधि नियुक्त गरिएको छ । वडा नं. ०७ का वडा अध्यक्ष गोविन्द प्रसाद महतोले उक्त शाखा रहित बैंकिङ्ग सेवाको समुद्घाटन गरी सेवा शुभारम्भ गर्नु भएको थियो । कार्यक्रममा कावसोती न.पा वडा नं ७ का वडा सदस्य रुद्र बहादुर बस्नेत, पुर्व वडा सदस्य विष्णु प्रसाद काफ्ले र साहित्यकार सदानन्द जैसीलगायत बैंकका अन्य कर्मचारीहरु, व्यावसायिक प्रतिनिधि तथा स्थानीय महानुभावहरुको उपस्थिती रहेको थियो ।

शाखा रहित बैंकिङ्गमार्फत खाता खोल्ने, निक्षेप संकलन, रकम भुक्तानी, विभिन्न बिल भुक्तानीलगायतका सुविधाहरु प्रदान गरिनेछ । यो सेवाबाट ग्रामीण तथा बैंकिङ्ग पहुंच नपुगेका क्षेत्रमा बैंक प्रति उल्लेख्य विश्वास एवं बैंकिङ्ग अवधारणाको विकास हुने अपेक्षा बैंकले लिएको छ ।

# सिद्धार्थ बैंकले ४ अर्बको ४० लाख कित्ता ऋणपत्र निष्काशन गर्ने

काठमाडौं, ५ असार (कास): सिद्धार्थ बैंकले वार्षिक १०.७५ प्रतिशत ब्याजदरमा ऋणपत्र निष्काशन गर्ने भएको छ ।

बैंकले १० असारदेखि 'एसबीएल डिबेन्चर २०८९' निष्काशन तथा बिक्री खुला गर्न लागेको हो । सो ऋणपत्रको अवधि १० वर्ष रहनेछ । बैंकले प्रतिकित्ता एक हजार रुपैयाँ अंकित मूल्यका चार अर्ब रुपैयाँ बराबरको ४० लाख कित्ता ऋणपत्र निष्काशन गर्न लागेको हो ।

सोमध्ये ४० प्रतिशत अर्थात एक अर्ब ६० करोड रुपैयाँ बराबरको १६ लाख कित्ता सर्वसाधारणलाई बिक्री गरिनेछ भने बाँकी ६० प्रतिशत अर्थात दुई अर्ब ४० करोड रुपैयाँ बराबरको २४ लाख कित्ता व्यक्तिगत तवरबाट बिक्री गरिने बैंकले जनाएको छ । सर्वसाधारणका लागि बिक्री गरिने ऋणपत्रमध्ये ८० हजार कित्ता सामूहिक लगानी कोषका लागि छुट्याइएको छ । सो ऋणपत्र खरिदका लागि छिटोमा १४ असारसम्ममा आवेदन दिनुपर्नेछ । सो अवधिसम्ममा पूर्ण आवेदन नपरेमा निष्काशन अवधि २४ असारसम्म लम्बिनेछ । लगानीकर्ताले न्यूनतम २५ कित्तादेखि अधिकतम एक लाख कित्ताका लागि आवेदन दिन सक्छ । बैंकको ऋणपत्र निष्काशन तथा बिक्री प्रबन्धक कुमारी क्यापिटल रहेको छ । लगानीकर्ताले सी आस्वा सदस्य बैंक तथा वित्तीय संस्था र तिनका शाखा कार्यालयहरूबाट सो ऋणपत्र खरिदका लागि आवेदन दिन सक्नेछन् ।

# महालक्ष्मी विकास बैंकका ग्राहकलाई काठमाडौं प्याथल्याव एण्ड डायग्नोस्टिक सेन्टरमा आकर्षक छुट

ग्राहकहरुलाई सरल, सहज र गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आईरहेको यस महालक्ष्मी विकास बैंक लिमिटेड र महाराजगंज काठमाडौंमा अवस्थित काठमाडौं प्याथल्याव एण्ड डायग्नोस्टिक सेन्टर प्रालि बिच सहकार्य गर्ने सम्बन्धी समभ्कदारी पत्रमा हस्ताक्षर भएको छ । उक्त सम्झौता पश्चात यस बैंकको डेबिट कार्ड, क्युआर(स्क्यान पे) महालक्ष्मी मोबाइल बैंकिङमार्फत भुक्तानी गर्नुहुने ग्राहकहरुले विभिन्न स्वास्थ्य सेवाहरुमा आकर्षक छुट प्राप्त गर्न सक्नुहुनेछ । यस



किसिमको सहकार्यबाट बैंकका ग्राहकहरु लाभान्वित हुने विश्वास बैंकले लिएको छ । यसका साथसाथै डिजिटल युगसँग नेपाली जनतालाई साक्षात्कार गराउने अभिप्रायका साथ यस बैकले विभिन्न शाखाहरुबाट जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । यस बैंकले प्रदेश नं १ मा ५, प्रदेश नं २ मा १५, बाग्मती प्रदेशमा ३७, गण्डकी प्रदेशमा ९, लुम्बिनी प्रदेशमा १८, कर्णाली प्रदेशमा २ र सुदुरपश्चिम प्रदेशमा १७ वटा गरी कुल १०३ वटा शाखाहर मार्फत करिब ६ लाख ग्रहकहरुलाई उच्चस्तरीय वित्तीय सेवाहरु सरलिकृत तवरले प्रदान गर्दै आइरहेको छ ।

# माछापुच्छे बैंकको साढे ६ वर्षमा डब्बल धमाका योजना

माछापुच्छे बैंकले 'स्मार्ट मुद्दती खाता' संचालनमा ल्याएको छ । उक्त खाता अन्तर्गत ग्राहकहरुले साढे ६ वर्षमा आफूले जम्मा गरेको रकमको दुई गुना रकम (डबल रकम) प्राप्त गर्न सक्नेछन् । बैंकको स्मार्ट मुद्दती खाता न्यूनतम ५० हजारमा नै खोल्न सकिनेछ । बैंकले खातामा साँवा रकमको ९० प्रतिशतसम्म




ऋण ग्राहकलाई प्रदान गर्नेछ । इच्छुक ग्राहक महानुभावले बैंकका देशभर रहेका १६५ शाखाहरुबाट यो खोल्न सकिनेछ । बैंकले देशका ७ वटै प्रदेशमा १६५ शाखा, ८ एक्सटेन्सन काउन्टर, १६६ शाखारहित बैंकिङ्ग सेवा, २०५ एटिएम मार्फत १३ लाखभन्दा बढी ग्राहक महानभावहरुलाई सेवा प्रदान गर्दै आइरहेको जनाएको छ ।

# इसेवाले ल्यायो ५५ मिनेटको धमाका अफर

भुक्तानी सेवा प्रदायक इसेवाले ५५ मिनेटको धमाका अफर सार्बजनिक गरेको छ । यस अफर अन्तरगत असार ५ गते आइतबार बैंक एकाण्न्टललिंक गरि कारोबार गर्दा ५५ रूपैयाँ क्यासब्याक पाइनेछ । आइतबार साँझ ५:५ बजेदेखि साँझ ५:५५ सम्म एकाउण्ट लिंक मार्फत कारोबार गर्दा ५५ रूपैयाँ क्यासब्याक पाइनेछ । इसेवाले आम ग्राहकहरुले घरमै बसेर कारोबार गर्न सकुन् भन्ने उद्धेश्यले यो योजना सार्बजनिक गरेको हो । यस योजनामा सहभाागी हुन एकाउन्ट लिंक गरि कारोबार गर्नुपर्नेछ भने एकाउण्ट भेरिफाइ भएको हुनुपर्नेछ । इसेवाले हाल एण्ड्रोइड मोबाईलमा ५२ लाख र आइओस् मोबाईलमा करिब १० लाख गरि ६० लाख बढि ग्राहकलाई एप्स् मार्फत सेवा प्रदान गरिरहेको छ । इसेवाले नेपालका सुविधा सम्पन्न क्षेत्रदेखि




विकट वस्तीहरुमा हुने आर्थिक कारोबारलाई डिजिटल माध्यम मार्फत धेरै किसिमका सहजता ल्याएको बताइएको छ। इसेवाबाट इन्स्योरेन्स्को प्रिमियम भुक्तानी, इन्टरनेट, बिजुली तथा खानेपानीको महशुल भुक्तानी, मोबाईल, टेलिफोन रिचार्ज तथा टपअप, हवाइजहाज, बसको टिकट, स्कुल कलेजको शुल्क लगायतका सेवाहरूको शुल्क भुक्तानी गर्न सकिन्छ। इसेवामा हाल ५२ वटा बैंक तथा वित्तीय संस्था सदस्य रहेका छन्।

## अर्थ संसार

# ज्योति विकास बैंकको ७१ महिनामै पैसा दोब्बर हुने योजना

ज्योति विकास बैंकले 'ज्योति दुई गुणा डिपोजिट' मुद्धती योजना सार्वजनिक गरेको छ । उक्त योजना अन्तर्गत ग्राहकले ५ वर्ष ११ महिनामै जम्मा गरेको रकमको दुई गुणा रकम प्राप्त गर्छन् ।




व्यक्तिगत ग्राहकलाई लक्षित गरी ल्याइएको यस मुद्धती खातामा न्यूनतम १० हजार जम्मा गरि खाता खोल्न सकिन्छ । यो खाता बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट खोल्न सकिने छ । साथै, यस खातामा ग्राहकलाई रकम आवश्यक परेमा साँवा रकमको ९० प्रतिशतसम्म ऋण सुविधा पनि छ ।

ज्योति विकास बैंक ग्राहक केन्द्रित भई ग्राहकहरुको आवश्यकता र मागहरुलाई अनुसरण गर्दै नवीनतम सुविधाहरु ल्याई ग्राहकहरुको बैंकसंगको कारोबारलाई थप दीर्घकालिन र प्रभावकारी बनाउन सक्रिय रहँदै आएको छ । ज्योति विकास बैंकले हाल ११७ शाखा कार्यालय, ३ विस्तारित काउन्टर तथा ६४ वटा एटीएम मार्फत सेवा उपलब्ध गराउँदै आईरहेको छ ।

# प्रभु बैंक लिमिटेड र दि क्लिफबीच आकर्षक छुट गर्ने सम्झौता

प्रभु बैंक लिमिटेड र दि क्लिफ प्रालिकाबीच दि क्लिफ प्रा.लिमा आकर्षक छुट प्रदान गर्ने सम्बन्धी सम्झौता सम्पन्न भएको छ । बैंकका तर्फबाट गण्डकी प्रदेश मुख्य व्यवसाय केन्द्र अधिकारी शांन्ती शेरचन र दि क्लिफ




प्रालिका तर्फबाट प्रमुख कार्यकारी अधिकृत ईश्वर ध्वज कार्कीद्धारा उक्त सम्झौतामा हस्ताक्षर गर्नुभएको हो । प्रभु बैंक र दि क्लिफबिच सम्पन्न सम्झौता अनुसार प्रभु बैंकमा खाता खोली बैंकिङ्ग कारोबार गरिरहेका सम्पूर्ण ग्राहकहरुले दि क्लिफद्धारा सञ्चालित स्काई साइक्लिङ्ग, स्काई क्याफे, तथा स्काई ग्लाइडिङ्ग गतिविधिमा १० प्रतिशत छुटका साथै बन्जी जम्पिङ र स्विङ्ग गतिविधि बुकिङ्ग गर्दा यी ६ गतिविधि मध्ये कुनै एक गतिविधिमा निःशुल्क सेवा प्राप्त हुने भएको छ । सम्झौता अन्तर्गत दि क्लिफमा सुविधा लिन चाहने प्रभु बैंकका सम्पूर्ण ग्राहकहरुले प्रभु बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड, मोबाइल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग, क्यु आर र पीओएस मेसिन च्यानलहरु प्रयोग गरी भुक्तानी गर्दा दि क्लिफका सेवाहरुमा आकर्षक छुट प्राप्त हुने व्यवस्था मिलाईएको छ ।

# नेपाल बैंक र टेलिकमबीच सम्झौता

नेपालको पहिलो बैंक नेपाल बैंक लिमिटेडले आफ्ना ग्राहकहरुलाई बैंकको मोबाइल बैंकिङ्ग एप प्रयोग गर्दा डाटा शुल्क नलाग्ने व्यवस्था गरेको छ ।

नेपाल बैंकमा खाता भएका र नेपाल टेलिकमको सिमकार्ड प्रयोग गर्ने ग्राहकहरुलाई सो विशेष सुविधा दिने गरी मिति २०७९ असार १ गते नेपाल बैंक लिमिटेड र नेपाल टेलिकमबीच सम्झौता भएको हो । सो सम्झौतामा नेपाल टेलिकमका चिफ कमर्सियल अफिसर संगीता पहाडी र नेपाल बैंक लिमिटेडका चिफफाईनान्स अफिसर होम बहादुर खड्काले हस्ताक्षर गर्नुभएको थियो । नेपाल बैंक लिमिटेडका प्रमुखकार्यकारी अधिकृत कृष्ण बहादुर अधिकारी र नेपाल टेलिकमका प्रबन्ध निर्देशक सुनिल पौडेलको रोहबरमा नेपाल टेलिकमको केन्द्रीय कार्यालय काठमाडौंमा भएको एक समारोहमा नेपाल बैंक लिमिटेड मार्केटिङ्ग तथा रिर्सच डिभिजन प्रमुख अर्जुन बहादुर कंडेल,कार्ड तथा डिजिटल डिभिजन प्रमुख संजिब जोशी, नेपाल टेलिकमका उपप्रबन्धकहरु खगेन्द्र बहादुर श्रेष्ठ र रंजित लोहिया लगायतको पनि उपस्थिति रहेको थियो । सो सम्झौता अनुशार नेपाल टेलिकमको मोवाइल नम्बर प्रयोग प्रयोग गरी नेपाल बैंकको मोवाइल बैंकिङ्ग रजिष्टर गर्ने सम्पूर्ण ग्राहकहरुले नेपाल बैंकको मोवाइल बैंकिङ्ग एप प्रयोग गर्न इन्टरनेट अथवा डाटाको आवश्यकतानपर्ने भएको हो । यो सुविधा सिमित समयको लागि प्रदान गरिने बैंकले जनाएको छ ।

# आखिर ‘बिडारी’ खलक को हुन् ?



शन्तराम बिडारी

२८ पानाको बिडारीहरुको वंशावली, जुन मकवानपुर स्थित टिस्टुङ शिखरखेलका बिडारीहरुसंग छ त्याहाँ उल्लेख भए अनुसार उनीहरु भट्ट हुन् । पछि अछामका राजा त्रिभुवन शाहीले ‘लडाँइमा शत्रुलाई बहादुरीपुर्वक विनाआडै परास्त गरेपछि’ बिनाडी उपाधी दिए । उक्त उपाधि पाइसकेपछि सबैले नामको पछाडि बिनाडी लेख्दा-लेख्दै कालान्तारमा त्यो शव्द अप्रभंष भएर ‘बिडारी’ भन्न थालिएको देखिन्छ ।

कुल पुजा गर्ने विधि, पुर्खाको उत्पति र फैलाावटको अवस्था समेत उल्लेखित उक्त वंशावलीका अनुसार आदिस्थल कन्हौज, त्यसपछि अन्य विभिन्न स्थानमा बस्दै- छोड्दै काशी -वनारश र त्यसपछि गाजिपुर आएको उल्लेख छ ।

उनीहरुको वंशको प्रथमपुरुष श्री ३ राजाराम भट्ट हुन् । उनको २१ औं पुस्ताका सहदेव भट्ट हरिद्धार छाडी डोटी आइ बसेको उल्लेख छ । पछि डोटी पनि छाडेर अछाम आइ बसेको उल्लेख गरिएको छ । अछामका राजा कृष्ण शाहीले उनलाई काजीको जिम्मेवारी प्रदान गरेको र त्यहाँदेखि उनी ब्रम्हकर्म छाडी क्षेत्रीका धर्म-कर्म अंगाली ‘काजी’को जिम्मेवारी लिइबसेको उल्लेख छ । उनको नवौं पुस्ताका सन्तती काजी नन्दलाल भट्टका पालामा अछाममा त्रिभुवन शाही राजा थिए ।

उसबेला वैरीले डोटीदेखि अछामका राजासंग लडाँइ गरी राज्य गाभ्ने भनी आएको अवस्था थियो ।

चारैतिरबाट शत्रुले घेरेपछि हतारमा राज्य जोगाउन ३ तर्फबाट आड लगाएर किल्ला तयार गरियो । तर एकातिर कुनै आड लगाउन भ्याइएन । काजि हर्ष पन्तले अछामी राजासंग युद्ध गर्नका निम्ति सबै तयारी गरिसके यता अछामी राजाका तर्फबाट जुनसुकै काजीलाई अहए पनि ‘आड छैन, लडाँइ बिग्रन जाला’ भनेर अघि सर्न कोही कसैले आँट नगर्दा ‘काजि नन्दलालले सबै भारदारसंग सल्लाह गरी राजा त्रिभुवन शाहीका हजुरमा ‘पत्याई बक्सन्छ भने हामी अघि सरी लड्न तयार छौं भनी जाहेरी गराएको’ उल्लेख छ ।


राजाको अनुमति आएपछि आड नबाध्याको पट्टी ५ सय सिपाही लिइ विदा भै गएका नन्दलाल कैलाश गंगाका तिरमा पुग्दा फौज डोटी देखि आई बाटुलो गरी गंगाका तिरमा थाना हाली बसेका रहेछन् । त्यसै बखत नन्दलाल भट्ट र हर्ष पन्तको महायुद्ध लडाँइ भयो । लडाँइ हुँदा ‘डोट्यालका यावत लस्करको गर्धन गिराई काजी हर्ष पन्तलाई समेत त्यहीं मारीदिएछन् । अछामी राजाको विजय भएपछि डोटीतिरका बाँकी फौजलाई तितरवितर पारिदिएछन् ।

त्यसपछि काजी नन्दलाल भट्टले अछामी राजाको ‘जय’ मनाई डोटीसेती गंगाजीको साँध लगाई अछाममा आई राजा, काजी र भारदार भै हर्ष बढाँई र विजयोत्सव मनाएछन् । त्यसअवसरमा राजा त्रिभुवन शाही खुसी भै काजी नन्दलाल भट्टलाई ‘विनाआडै जितेर सेती गंगाको साँध लगाउन सफल-बहादुर भएकाले अब यिनको थर पनि विनाआडी भयो’ भनी तिन फेर पिठ्युँमा आफ्नो बाहुलीबाट श्यावासीको धाप मारी शिरपाउ पहिऱ्याई दिएछन् ।

त्यतीमात्र होइन सिन्दुर जात्रा गदै ‘विनाडी- विनाडी’ भन्दै दरबारदेखि घरसम्म पुऱ्याउन पठाएछन् । यिनै नन्दलाल काजीका छोरा वैजनाथले ‘काजी वैजनाथ विनाडी’ लेख्न थालेछन् । वैजनाथका छोरा कर्णानन्द बिनाडीको राजासंग मत नमिलेपछि दाङ-सल्यान आइ बसेछन् । सल्यानीसंग पनि कुरा नमिलेपछि खाँचीमा आइ बसेछन् । त्यहाँका राजा किर्ति शेनले पनि कर्णनन्दलाई काजी तुल्याएछन् । त्यहाँका भारदारहरुले खेल गर्दा कर्णानन्द कास्की आएछन् ।

कास्कीका राजा जगत खाँणले मलामी विर्ता दिन्छु भन्दा साहेव जलाल शाहीले मानेनन् । त्यसपछि कास्की पनि छाडी नेपाल(काठमाडौं) आए । त्यहाँ आएर गाबहाल पाटन शहरमा बसेछन् । पाटनका काजी काशिनन्द प्रधान र कृष्णनन्द प्रधानसंग आफ्ना सबै व्यहोरा र विवरण सुनाँउदै राजा श्रीनिवाश मल्लको हजुरमा जाहेर हुँदा राजाले ‘तिमी राम्रोसंग बस, तिम्रो उद्धार र प्रतिपालना हामी गर्छौं’भनेर आश्वासन प्राप्त भएछ ।

त्यसपछि राजाकै पहलमा मकवानपुरका आचार्य ब्राम्हणका छोरीसंग मागी विवाह र भाष्कर नाम गरेका ज्योतिषीका छोरी सरस्वतीलाई पछि भागी विवाह भएछ । त्यसपछि गोदावरीमा विर्ता पाई घर बनाएर बसेको देखिन्छ । यिनको ब्राम्हणी पट्टीका २ भाइ र जैस्यानी पट्टीमा २ भाइ गरी ४ भाइ छोरा रहेको उल्लेख छ । जेठा जोगाराम जोशी विनाडी , माइला दुर्गादाश जोशी विनाडी, साँहिला मोतिकृष्ण उपाध्याय विनाडी र कान्छा बसन्त उपाध्याय विनाडी रहेको देखिन्छ । त्यसमध्ये जेठा र माइला धादिङ केवलपुर विर्तामा बसेका तथा साँहिला रानीबारी विर्तामा र कान्छा बसन्त उपाध्याय विनाडी टिस्टुङ विर्तामा बसेको उल्लेख छ । उक्त विर्ता पाटनका राजा श्रीनिवाश मल्लबाट नै दिइएको उल्लेख छ ।



कर्णानन्द बिनाडीका कान्छा छोरा बसन्त बिनाडीको टिस्टुङतिर बसेको हाँगोबाट उनका छोरा विसनदेव विनाडी, उनका २ भाई छोरा प्रजापति विनाडी र श्रीनन्द विनाडी, प्रजापति विनाडीका २ भाई छोरा नारद विनाडी र मार्केण्डय विनाडी, नारद विनाडीका छोरा परमानन्द विनाडी र परमानन्द विनाडीका छोरा जयनारायण विनाडी रहेको उल्लेख छ । त्यस यताको कुन कुन पुस्ता को-को हो, यसलाई पुर्ण रुपमा अनुसन्धान गरी लिपिवद्ध गर्ने काममा पनि हामी सबै बिडारी बन्धुहरु लाग्नु आवश्यक छ ।


## बर्षातको समयमा हुने पानीजन्य रोगप्रति सजग रहौं

फोहर पानीले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोगहरु लाग्न सक्छन ।

त्यसैले:

- खोला, धारा वा मुलको पानी सिधै नपिऔं ।
- पानी उमालेर वा शुद्धिकरण गरेर मात्र पिऔं ।
- पानीलाई पीयुष, अक्वाट्याब्स वा अन्य क्लोरिन जन्य कुराहरु हालेर शुद्धिकरण गरौं ।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# खेलकुद

## नेक्सस कप क्रिकेट सोमबारदेखि

काठमाडौं । नेक्सस क्रिकेट एकेडेमी (एनसीए) को आयोजनामा यू १६ नेक्सस कप टी-२० क्रिकेटको सिजन ५ सोमबारदेखि हुने भएको छ । प्रतियोगितामा आयोजकको २ सहित १२ छात्र टिमको सहभागिता रहने एनसीएका अध्यक्ष भरतकुमार शाहीले जनाएका छन् । सहभागी टिमलाई ४ समूहमा विभाजन गरी लिग कम नकआउट आधारमा खेल खेलाइने छ । समूह विजेता सोझै सेमिफाइनलमा प्रवेश गर्ने छन् । बाग्मती प्रदेश खेलकुद विकास परिषद्को सहकार्यमा हुन लागेको प्रतियोगिताको विजेताले १ लाख र उपविजेताले




७५ हजार नगद पुरस्कार प्राप्त गर्ने छन् । पहिलो दिन २ खेल हुनेछ । पहिलो खेल जिएचसीए ललितपुर र केसीटीसी तथा दोश्रो खेल आयोजक एनसीए र ओसिस् क्रिकेट एकेडेमीबीच खेल हुने छ । असार १४ गतेसम्म चल्ने प्रतियोगिताका खेलहरु मुलपानी क्रिकेट मैदानमा हुनेछ ।

## बलियो कपको उपाधि मधेस प्रदेशलाई

काठमाडौं । बलियो नेपाल कप अन्डर १५ क्रिकेट प्रतियोगिता २०७९ को उपाधि मधेश प्रदेशले जितेको छ । आइतबार सम्पन्न फाइनल खेलमा बलियो बागमती प्रदेशलाई ४ विकेटले पराजित गर्दै मधेश प्रदेशले उपाधि




हात पारेको हो । मुलपानी मैदानमा सम्पन्न फाइनल खेलमा टस हारेर ब्याटिङ्गको निम्तो पाएको बागमतीले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै ९५ रन बनाएको थियो । उसका आकाश टमाटाले २३ रन जोड्न बाहेक अन्य ब्याट्स्म्यानले उल्लेखनीय प्रदर्शन गर्न सकेनन । बलिंग तर्फ मधेसका साईमन रोएले ४ ओभरमा केवल १० रन खर्चिएर २ विकेट हात पारे । जवाफमा ९६ रनको लक्ष्य बलियो मधेशले १५.३ ओभरमा ६ विकेट गुमाएर पुरा गऱ्यो । मधेशको जितमा खेलको प्लेयर अफ दि म्याच रञ्जन यादवले ३४ रनको इन्निंग खेले । बागमतीका कप्तान युवराज खत्रीले १६ रन खर्चिएर ३ विकेट लिएपनि टोलीलाई जित दिलाउन भने सकेनन । प्रतियोगिताको प्लेयर अफ दि टुर्नामिन्ट मधेश प्रदेशका साईमन रोए घोषित भए भने बलियो-११ का जेनिश मगर, कमल शाही र बागमती प्रदेशका युवराज खत्री प्रतियोगिताको इमार्जिंग खेलाडी घोषित भए । बिजेता र उपविजेता टोलीलाई ट्रफी, मेडल र प्रमाणपत्र सभासद अमन लाल मोदी, राष्ट्रिय टोलीका पुर्व कप्तान पारस खड्का, ज्ञानेन्द्र मल्ल र बलियो नेपाल न्युट्रिसन इनिसिएटिभका प्रमुख कार्यकारी ड़ा. अतुल उपाध्यायले प्रदान गरेका थिए ।

## १२ स्वर्ण सहित नेपाल च्याम्पियन

काठमाडौं । भारतको जयपुरमा आयोजना भएको आईएमएएस दक्षिण एशियन कुमुते च्याम्पियनसिपमा नेपाल टिम च्याम्पियन बन्न सफल भएको छ । नेपाल सोतोकान (एसकेडीयूएन)ले नेपालका लागि १२ स्वर्ण, २ रजत र २ कास्य प्राप्त गर्दै टिम नेपाललाई टिम च्यामिपयन बनाउन सफल भएको टोली नेता एवं प्रशिक्षक चित्रप्रसाद श्रेष्ठले जानकारी गराए । स्वर्ण जित्न सफल खेलाडीहरुमा वर्षा के.सी.(१३ वर्ष), झरना के.सी.(१४ वर्ष), सुरोज र ाजबाहक (१५ वर्ष), एन्जीला राई (१६ वर्ष), शाहिल घले (१६ वर्ष), सर्मिला



वाईवा (१७ वर्ष), पुष्पका लामा (४५ केजी), बर्षा बुढामगर (५० केजी), साजन बल (५५ केजी), सन्तोष श्रेष्ठ (६० केजी), एरिका गुरुङ्ग (६८ केजी माथि) रहेका छन् । यसैगरि नेपालका लागि अर्को स्वर्ण कातामा सुरेन्द्र तामाङले दिलाए ।नेपाल सोतोकान (एसकेडियुएन) टोली उक्त प्रतियोगितामा प्रतिस्पर्धा गर्न जेठ २७ गते त्यस तर्फ प्रस्थान गरेको थियो । यस्तै रुपक श्रेष्ठ (१७ वर्ष) र सम्मान मल्ल श्रेष्ठ (५० केजी मुनि) ले रजत पदक प्राप्त गरेका छन् । सुरेन्द्र तामाङ्ग (६७ केजी) र सञ्जय महर्जन (८४ केजी माथि)ले कास्य पदक प्राप्त गर्न सफल भएका छन् । प्रशिक्षक चित्र प्रसाद श्रेष्ठको नेतृत्वमा जयपुर जाने टोलीमा एक ब्यवस्थापक, ७ महिला र ९ पुरुष गरि १६ खेलाडी, ४ रेफ्रि र एक अफिसियल गरि २३ सदस्य रहेका छन् ।

## देशभर......

मल कारखाना स्थापनाको लागि आवश्यक जग्गा, बजेट, लगायतका प्रस्तावहरु तयार गरेको छ। तर सरकारले कार्यन्वयनमा ल्याउन नसकेको कृषि मन्त्रालयका निवर्तमान सचीव योगेन्द्र कुमार कार्कीको भनाई छ। कार्यन्वयनमा सरकारको पक्षवाट कुनै प्रगति भएको पाइदैन ।

केही समयका लागि नियुक्त हुने कृषि मन्त्रीहरु झण्डावाला गाडीमा शान देखाउन र सलुट खान वा कुन काम गर्दा चुनावमा लागेको खर्च उठ्छ भन्ने मानसिकता वाहेकका काम गरेको देखिदैन ।

किसानहरुका लागि हजारौ काम गर्नुपर्दैन । समयमा मल, विउ, विजन, खेतीका लागि सिचाँई नभएका ठाउँहरुमा सिचाँईको व्यवस्था र किसानले लगायका बालीमा लाग्ने रोगको निधान गर्न सहज सेवाहरु उपलब्ध गराइदिए पुग्छ । यस्ता सामान्य किसानका पक्षमा काम गर्ने कृषिमन्त्री अवपादलाई छोडेर कहिल्यै देशले पाएको छैन ।

मन्त्री बन्ने वित्क्कै हाम्रो मन्त्री बन्यो भनेर लाईन मिलाउने पार्टीका कार्यकर्ता, मन्त्रीका आसेपासेको बाहुल्यता र तिनको वरिपरिमा घुमिरहने कृषि मन्त्रालयका योजनाले वास्ताविक देशको नेतृत्व नेपालका किशानहरुले पायका छैनन् । पिडित किशानहरु भन्छन् । "कृषि मन्त्री देशका किशानहरुको हुनुपर्ने हो । तर राजनीतिक पार्टीको मात्र मन्त्री हुदोरहेछ । " उसले राजनीतिक पार्टीको कार्यकर्ताको मात्र काम गर्ने भएको हुनाले किशानको समस्या ज्युका त्यु रहेको उनिहरुको गुनासो छ । हिलोमा लुटपुटियर अनाज उत्पादन गर्ने किशानहरुलाई पार्टीको झण्डा बोक्ने फुर्सद पनि हुदैन र कुनै पार्टीको सदस्यता नलिएका किशानहरुले उठाएका माग सम्बोधन नभएकै कारण आजको यस्तो दर्दनाक अवस्था व्यहोर्नु परेको किशानहरुको भनाई छ ।

स्मरण रहोस नेपाललाई कृषिप्रधान देश भनेर चिनाइएको ईतिहासलाई अचेल बदनाम गराउदै लाने प्रबृति सम्बन्धित निकायले नै गरेका छन् । त्यसको असरले नेपालका युवापुस्ता कृषि पेशामा अकर्षित हुन नसक्दा कामदार उत्पादन गर्ने देश र ती कामदार बेच्ने देश जस्तो भएको छ ।

यस्ता कामहरुलाइ रोक्न भुमि सम्बन्धि नीति बनाई कृषिलाई प्रथामिकता दिएर गुर्नुपर्ने अल्पकालीन, तत्कालीन र दिर्धकालीन योजना लागु गरी नेपाली किशानहरुलाई विश्वसनीय वातावरण बनाउन ढिलो गर्नुहुदैन । यो काम सम्बन्धित निकायले किशानको राय, कृषि विज्ञ लगायतको सल्लाह र योजना लागु गरेर गर्न सक्छ । यो काम सरकारले तत्काल गरोस् ।

## जुत्ता.........

सहमत भएकाले जुत्ताचप्पल सस्तोमा उपलब्ध गराउन सकिएको हो । व्यापार धेरै भएपछि छुट पनि धेरै दिन सकिने भएकाले हामीले ३० देखि ७० प्रतिशतसम्म छुटको व्यवस्था गरेका हौं, संयोजक तोलाङ्गले बताए । मेलामा झण्डै एक दर्जन जुत्ता चप्पल उद्योगहरूको उत्पादन राखिएको शिखर सुजका प्रबन्ध निर्देशक रामकृष्ण प्रसाईंले जानकारी दिएका थिए । आफूहरूले विगतमा आयोजना गरेका यस्तै मेलामा ग्राहकहरूको आकर्षण बढेकाले ग्राहककै माग अनुसार यस पटक पनि मेला आयोजना गरिएको उनको भनाई छ ।

मेलामा भेटिनु भएका ग्रहशहरुले नेपाली उद्योगले नै उत्पादन गरेको जुत्ता चप्पल पनि अहिले विदेशी जुत्ता चप्पलभन्दा राम्रा उत्पादन हुने गरेको कुरा आफूले विगतका मेलामा किनेका जुत्ता चप्पलको प्रयोगबाट महसुस गरेको बताएका थिए । उहाँले विगतका मेलामा किनेका जुत्ता चप्पलबाट सन्तुष्ट भएकाले अहिलेको मेलामा पनि जुत्ता चप्पल किन्न सपरिवार आएको जानकारी दिनुभयो । विदेशी जुत्ता चप्पल गुणस्तरभन्दा मूल्य बढी हुने गरेको अनुभव सुनाउँदै उनले भने, नेपाली जुत्ता चप्पल गुणस्तर र टिकाउ अनुसार मूल्य पनि सस्तो छ ।

विदेशी भनेपछि जस्तोलाई पनि राम्रो मान्ने नेपालीहरूको मानसिकता छ, त्यो गलत र भ्रम पूर्ण हो, विदेशीहरूभन्दा नेपाली जुत्ता नै धेरै बलिया, राम्रा, आकर्षक र सस्तो पनि छन्, मेलामा भेटिएकी अर्की ग्राहक एलिशा ज्ञवालीको भनाई छ ।

नेपाली उपभोक्ताले नेपाली उत्पादन नै प्रयोग गर्दै जाने हो भने नेपाली उद्योग फस्टाएर थप गुणस्तरीय जुत्ता चप्पल थप सस्तोमा पाइन सकिने भएकाले नेपाली जुत्ता चप्पल प्रयोग गर्न उनले सबैलाई आग्रह गरेका छन् ।

अन्यत्र २५ सय रुपैयाँ पर्ने जुत्तालाई मेलामा आफूले ७ सय रुपैयाँमा पाएकाले मेलालाई आफूले अवसरको रुपमा लिएको ज्ञवालीको भनाई छ । मेलामा निम्न आय भएकादेखि उच्च आय भएकासम्मका सबै प्रकारका ग्राहकहरूको भिड लागेको पाइएको छ ।

## यातायत......

फोनको ब्याट्री स्तर डिस्प्ले र आगमनको अनुमानित समय जस्ता फिचर प्रयोग गर्न सकिन्छ ।

सुजकी भी-स्टोर्म २५०

डेली कम्यूट, हाइवेमा लामो यात्रा र अफरोडका लागी समेत उपयोगी हुनेगरी डिजाइन गरिएको यो एड्भेन्चर टुरर बाइकमा सुजुकीको इजी स्टार्ट सिस्टम, सुजुकी राइड कनेक्ट र यूएसबी आउटलेट उपलब्ध गराइएको छ । यो नयाँ वाइकमा २४९ सिसी क्षमताको सिंगल सिलिन्डर आयल कुल्ड एसओएचसी इन्जिन जडान गरिएको छ ।

जसको अधिकतम पावर २६.५ पिएस र टर्क २२.२ एनएम रहेको छ । यो बाइकमा सुजुकीले अक्टागोनल आकरको एलइडी हेडलाइट जडान गरेको छ जसले बाइकको लुक्सलाई थप स्लिक देखाउन मद्धत गरेको छ । साथै पछाडी उच्च पवारयुक्त एलइडी टेल लाइट दिइएको छ । यसको ग्राउन्ड क्लिरियन्स २०५ एमएम र सिट हाइट ८ सय ३५ एमएम रहेको छ । यसमा दिइएको इजी स्टार्ट सिस्टमका कारण बटनलाई क्लिक गरिएकै भरमा इन्जिन स्टार्ट गर्न सकिन्छ ।

सुजुकी राइड कनेक्ट अन्तर्गत राइडरले आफूसंग भएको स्मार्ट फोनलाई ब्लुटुथ मार्फत यसको डिजिटल कन्सोलमा कनेक्ट गरी टर्न वाई टर्न नेभिगेसन, फोन आएको जानकारी, एसएसम अलर्ट, ह्वाट्स एप अलर्ट डिस्प्ले, मिस काल, गती उच्च भएको बारे चेतावनी र फोनको व्याट्रीको चार्जिङ वारे जानकारी लिन सक्नेछन् ।

## नेकपा......

छन् । माथि उल्लेखित व्यवाक्तिहरु छुट्टाछुट्टै पार्टीमा छन् । माधव कुमार नेपाल र झलनाथ खनाल नेकपा एककित समाजवादीमा रहेका छन् ।

राधकृष्ण मैनाली निस्क्रिय छन् । बामदेव गौतम निस्क्रिय छन् । सिपी मैनाली २०५८ साल पौष ११ गते पुनः गठित नेकपा - माले) को महासचीव रहदै आइरहेका छन् । अहिलेसम्म नेकपा (माले)को आठौ महाधिवेशनसम्म महासचीवमा निर्विरोध हुदै आएका छन् ।

पटक पटक सरकारको नेतृत्व गर्ने अवसर समेत पाएको नेकपा (माले) ले २०७२ सालमा बनेको संविधानमा थ्रेसहोल्ड राखेपछि उक्त व्यवस्थामा अनुसार २०७४ सालमा भएको तिन तहको निर्वाचनमा कुल खसेको मतको ३ प्रतिशत पुऱ्याउन सकेको छैन ।

राष्ट्रिय पार्टीको नाममा उल्लेख छैन । त्यसैगरी २०७९ बैशाखमा भएको स्थानीय निर्वाचनमा पनि कही कुनैपनि प्रतिनिधि जितेको छैन ।

इतिहास पुरानो पार्टी विरानो बन्दै गएको जस्तो हुन थालेको छ । भन्दै पाचौ केन्द्रीय कमिटीको बैठकमा पुराना पुस्ताको अनुभवलाई नयाँ पुस्तामा कार्यन्वयन गर्न आकर्षणमुलक कार्यक्रम ल्याउन जोडदार माग उठेको थियो ।

अर्को केन्द्रीय कमिटीको बैठकसम्म विधान संशोधन सहित नयाँ पुस्ताको नेतृत्वलाई आकर्षण कार्यक्रम आउन सक्ने अनुमान गरिएको छ ।

## बायु.........

पूरा गर्न नसकेको, कार्य क्षमताको अभाव देखिएको, अभियोग छ ।

त्यस्तै कार्यकारी अध्यक्षको यस्ता कृयाकलापबाट राष्ट्रिय ध्वजावाहक वायुसेवा निगमको अन्तर्राष्ट्रिय ख्यातिमा आँच पुगेको, निजको नेतृत्वमा निगम सञ्चालन गर्दा निगममा थप हानि नोक्सानी हुने देखिएकोले उल्लिखित कारण र आधारहरूमा निगमको कार्यकारी अध्यक्षमा रहि रहन योग्य नदेखिएको उल्लेख छ ।

उनलाइ निगममा राखि रहँदा निगमको ख्यातिमा आँच आउने र थप वित्तीय हानि नोक्सानी हुने, कर्मचारीको मनोवल गिर्न गई निगमलाई प्रतिकूल असर पर्ने देखिएको भन्दै अध्यक्ष पदबाट किन नहटाउने भनी सफाइको मौका पेस गर्न सूचित गर्ने निर्णयको नेपाल सरकार (मन्त्रिपरिषद् । मा प्रस्ताव पेस गर्न विभागीय मन्त्रीबाट मिति २०७९।०२।२६ मा स्वीकृति प्राप्त भएकोले नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को अनुसूची(१ विषय सङ्ख्या ४१ वमोजिम यो प्रस्ताव पेस गरिएको छ', उल्लेख छ। गत २६ जेठमा मन्त्रालयका सचिव महेश्वर न्यौपानले पेस गरेको प्रस्तावमा उल्लेख गरिएको छ ।

## शिविर......

शारीरिक अवस्थालाई सन्तुलनमा राखी तनाव कम गर्न, जीवनलाई शान्त, फलदायी र उत्पादन मुलक बनाउन योग प्रभावकरी सिद्ध भएको उल्लेख गर्नुभयो । गृहमन्त्री खाणले समाजमा हुने विभिन्न प्रकारका घटना, दुर्घटना र अपराधहरूको प्रभावकारी रोकथाम तथा नियन्त्रण गरी समाज र नागरिकलाई सुरक्षित राख्ने जटिल प्रकृतिको जिम्मेवारी वहन गर्ने सन्दर्भमा प्रहरी कर्मचारीहरूको तनाव व्यवस्थापनमा योग अभ्यासको अधिक महत्व रहने विचार व्यक्त गर्नुभयो । योग अभ्यासलाई प्रशिक्षणमा सीमित नराखी आफ्नो व्यक्तिगत एवं व्यावसायिक जीवनमा समेत नियमित अभ्यास गर्न आग्रह गर्दै उहाँले भन्नुभयो, 'योग एवम् आसन, प्रणायम मात्र होइन एक अनुशासित जीवन शैली पनि हो ।


# मन्थली नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

रामेछाप, बाग्मती प्रदेश

**सूचना ! सूचना !! सूचना !!!**

**व्यक्तिगत घटना घटेको ३५ दिनभित्र निःशुल्क रुपमा घटना दर्ता गरौं ।**

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तब्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरुलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं । हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरुलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं । ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

लब श्रेष्ठ
नगर प्रमुख

ईश्वरी बस्नेत
उपप्रमुख

लिलाराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत


# अन्तराष्ट्रिय समाचार

## बिहारमा अग्निपथको विरोधमा १९ जिल्लामा प्रदर्शन

एजेन्सी । बिहारमा केन्द्रको 'अग्निपथ' योजनाको विरोधमा तेस्रो दिन पनि हिंसात्मक प्रदर्शन जारी छ। १९ जिल्लामा प्रदर्शन भइरहेका छन् । आन्दोलनकारीले समस्तीपुरमा दुई, लखिसराईमा दुई, आरा र सुपौलमा एक एक यात्रु रेलमा आगजनी गरेका छन्। बक्सर र नालंदा लगायत धेरै जिल्लाहरूमा रेल ट्र्याकहरूमा आगजनी गरिएको छ । आगजनीपछि आराहमा सडक जाम भएको छ। बेतियास्थित उपमुख्यमन्त्री रेणुदेवीको सरकारी निवासमा ढुंगा प्रहार भएको छ । आक्रोशित विद्यार्थीहरूले वैशालीको हाजीपुर रेलवे स्टेशनमा तोडफोड गरेका छन् । समस्तीपुरमा प्रदर्शनकारीहरूले जम्मू तवी-गुवाहाटी एक्सप्रेस, बिहार संपर्क क्रान्तिमा आगजनी गरेका छन् । हाजीपुर-बरौनी रेलवे खण्डको महिउद्दीननगर स्टेशनमा पनि आगजनी गरिएको छ । आन्दोलनकारी बिहान ६ बजेदेखि नै ट्र्याकमा उभिएका छन् । रेलवेले जतातत्तै रेल रोकेको छ । धेरै रेलहरू पनि रद्द गरिएका छन्। खगरियामा पनि फेरि प्रदर्शन सुरु भएको छ । मानसी जंक्शनमा आन्दोलनकारीको भीड जम्मा हुन थालेको छ । तीन सेनामा भर्तीका लागि केन्द्र सरकारले बनाएको अग्निपथ योजना विरुद्ध विद्यार्थीको आक्रोशसँग सम्बन्धित पूरा समाचार पढ्नुभन्दा पहिले यो पोलमा सहभागी भई समाचारमा आफ्नो राय दिनु होला । समस्तीपुरमा प्रदर्शनकारीले दुईवटा रेलमा आगजनी गरेका छन् । जसमा जम्मू तवी-गुवाहाटी एक्सप्रेसका दुईवटा बोगी ध्वस्त भएका छन् । उज्यालो बोगीहरूमा एसी कोच पनि छ। यहाँ दिल्लीबाट फर्कदै गरेको बिहार संपर्क क्रान्ति एक्सप्रेसमा पनि आगलागी भएको छ। आराहमा प्रदर्शनकारीहरूले यात्रुवाहक रेलमा आगजनी गरेका छन्। सो क्रममा स्टेशनमा व्यापक तोडफोड समेत भएको थियो । केन्द्र सरकार विरुद्ध नाराबाजी समेत गरिएको थियो ।

## बंगलादेशमा भारी वर्षाका कारण हजारौं मानिस विस्थापित

बंगलादेशको उत्तरपूर्वी र उत्तरी क्षेत्रमा भारी वर्षाका कारण हजारौं मानिस विस्थापित भएका छन् । विस्थापित भएकाहरूलाई सुरक्षा अधिकारीहरूले उद्दार तथा राहत वितरणलाई तीव्र पारेको बताएका हुन् । बंगलादेशको सेनाले बाढी पहिरोमा परेकाहरूको उद्दारका लागि तैनाथ अवस्थामा रहेको र उद्दार समेत जारी रहेको जनाएको छ। राजधानी ढाकालगायत मुलुकका विभिन्न स्थानमा बाढीबाट प्रभावितहरूको संख्या बढिरहेको बंगलादेशको सरकारले जनाएको छ। उत्तरपूर्वी क्षेत्रका लालमोनिरहाट, कुरिग्राम, निलफामिर र रंगपुर जिल्ला वर्षाबाट अत्याधिक प्रभावित भएको अन्तर्राष्ट्रिय सञ्चार माध्यमले जनाएका छन् । गत महिना प्रिमनसुन सुरु भएयता बंगलादेशका विभिन्न क्षेत्रमा बाढीले ठूलो क्षति पुर्याएको छ । वर्षाका कारण विभिन्न क्षेत्रमा डुवानका कारण हजारौं मानिस विस्थापित भएका थिए। जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघको अन्तरसरकारी प्यानलका अनुसार ग्लोबल वामिङको हालको दर कायम रहे बंगलादेशका करिब १७ प्रतिशत मानिसलाई अर्को दशकमा अन्यत्र स्थान्तरण गर्नुपर्ने हुन्छ ।

## युक्रेनमा जारी युद्धमा १० हजार बढी नागरिकको मृत्यु भएको दावी

युक्रेनमा जारी युद्धमा १० हजार भन्दा बढी नागरिकको मृत्यु भएको संयुक्त राष्ट्र संघले दावी गरेको छ । राष्ट्रसंघले हालै एक प्रतिवेदन प्रकाशित गरेर रुस र युक्रेनबीच भइरहेको युद्धमा मृत्यु हुनेमा सयौं बालबालिकाको संख्या रहेको उल्लेख गरेको हो । सोही प्रतिवेदन अनुसार युक्रेनको राजधानी किभमा यही जुन १६ तारिखको मध्यरातमा मात्रै करिब ४ हजार ५ सय ९ जना नागरिकको मृत्यु भएको थियो भने पाँच हजार ५ सय ८५ जना घाइते भएका थिए। जसमध्ये मृत्यु हुनेमा २ सय ९४ बालबालिका रहेको राष्ट्र संघले जनाएको छ। अधिकांश नागरिकको युद्ध प्रभावित क्षेत्रमा भएको विस्फोटमा परेर मृत्यु भएको हो । रुसले आक्रमणका क्रममा तोप, मिसाइल र हवाई हमला गर्दा धेरै नागरिक विस्फोटमा परेको जनाइएको छ ।

## इथियोपियामा भएको आक्रमणमा २ सय भन्दा बढीको मृत्यु

एजेन्सी । इथियोपियाको ओरोमिया क्षेत्रमा भएको पछिल्लो आक्रमणमा २ सय भन्दा बढी सर्वसाधारणको मृत्यु भएको छ । मारिनेहरु अम्हारा जातीय समूहको रहेका छन् । विद्रोही समूह ओरोमो लिबरेशन आर्मी (ओएलए) ले गरेको आक्रमणमा उनीहरूको मृत्यु भएको प्रत्यक्षदर्शीलाई उद्दृत गर्दै न्यूयोर्क टाइम्सले जनाएको छ। ओरोमियाको क्षेत्रीय सरकारले आक्रमणको पुष्टि गरेको भए पनि कति हताहत भए भन्ने बारेमा विवरण भने नखुलाएको समाचारमा उल्लेख छ । आक्रमणबाट बच्न सफल सर्वसाधारणका अनुसार आक्रमणमा मारिएकाहरूको शव सामुहिक रूपमा गाडिएको छ । उनीहरूले नागरिकहरूविरुद्ध अहिलेसम्मको सबैभन्दा घातक आक्रमण भएको प्रतिक्रिया दिएका छन्। घटनास्थलमा सुरक्षाकर्मी पुगे पनि पुनः आक्रमण हुन सक्ने भन्दै सर्वसाधारण त्रसित छन् । करिब ३० वर्षअघि पुनर्वास कार्यक्रममा यस क्षेत्रमा बसोबास गर्ने अम्हारा जाति अहिले नरसंहारको सिकार भएको भन्दै अधिकारकर्मीहरूले चिन्ता व्यक्त गरेका छन्। जातीय द्वन्द्वले अफ्रिकाको दोस्रो-सबैभन्दा बढी जनसंख्या भएको देशलाई टुक्राउने धम्की दिएपछि यो आक्रमण भएको हो । उत्तरी टिग्रे क्षेत्रमा सन् २०२० मा सुरु भएको लडाई गत वर्ष छिमेकी क्षेत्र अफार र अम्हारामा फैलिएको थियो। यसैबीच, ओएलएका प्रवक्ता ओडा टार्बीले आरोपहरूको खण्डन गर्दै इथियोपियाका प्रधानमन्त्री अबी अहमदको सरकारले फेरि पनि ओएलएलाई आफूले गरेको अपराधका लागि दोषारोपण गरेको ट्वीटमार्फत दाबी गरेका छन् । इथियोपियाका ११ करोडभन्दा बढी मानिसमध्ये दोस्रो ठूलो जातीय समूह अम्हारा समुदायलाई बारम्बार लक्षित गरि आक्रमण गरिएको जनाइएको छ ।

## फ्रान्समा राष्ट्रपति म्याक्रोंको गठबन्धनले संसदमा बहुमत गुमायो

काठमाडौं । फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोंको गठबन्धनले संसदीय चुनावमा बहुमत गुमाएको छ। गठबन्धनले संसदमा सबै भन्दा धेरै सिट जिते पनि आवश्यक बहुमत प्राप्त गर्न भने सकेन् । बहुमतका लागि २ सय ८९ सिट चाहिनेमा सत्तारुढ गठबन्धनले २ सय ४५ सिट जितेको छ। बहालवाला राष्ट्रपतिको दलले तल्लो सदनमा बहुमत गुमाएपछि अर्थमन्त्री ब्रुनो माइरेले लोकतन्त्रका लागि ठूलो झट्का भएको प्रतिक्रिया दिनुभएको छ। दोस्रो चरणको निर्वाचनमा कट्टर बामपन्थी, समाजवादी र उग्र दक्षिणपन्थीहरूको गठबन्धन नुपेसले १ सय ३१ सिट जित्दै प्रमुख प्रतिपक्षी दल बनेको छ । यसैगरि मरिनले पेनको उग्र दक्षीणपन्थी नेशनल र्याली पार्टी ८९ सिटसहित तेस्रो स्थानमा रहेको छ ।

# नोबेल साकोस साहित्य संस्थाद्वारा भव्य कार्यक्रम सम्पन्न

काठमाडौं । मितिः २०७९ असार ४ गते नोबेल साकोस साहित्य संस्थाले कार्यक्रम गरेको छ। ,नोबेल साकोस साहित्य संस्थाकी केन्द्रीय अध्यक्ष सरस्वती गौतमको अध्यक्षता भएको कार्यक्रमाको सञ्चालन संस्थाका संस्थापक राजनप्रसाद न्यौपानेले गरेका थिए ।

उक्त कार्यक्रममा विभिन्न विधागत स्रष्टा सर्जकहरूका मन छुने रचना वाचन तथा मुक्तककार सीता घिमिरेको मुक्तक सङ्ग्रह सीताका सिर्जना विमोचन गरिएको थियो। कार्यक्रममा संस्थाले आजीवन सदस्य, सल्लाहकार सदस्य, साधारण सदस्यहरूलाई संस्थाका तर्फबाट प्रमाणपत्र तथा कदरपत्र द्वारा सम्मान गरेको थियो ।

संस्थाका संरक्षक पुष्प रञ्जितबाट संस्थाको अक्षयकोशमा तीन लाख रुपैयाँको चेक हस्तान्तरण गरियको थियो । उनिहरुप्रति संस्थाले हार्दिक आभार प्रकट गरेको थियो । चार दर्जन भन्दा बढी रचना वाचन तथा अन्य कार्यक्रमले केही समय ढिलो भएको कार्यक्रम उत्कृष्ट सभ्य भव्य भएको थियो ।



# छ जनालाई नइ पुरस्कार

नइ प्रकाशनले राष्ट्रिय जनजीवनका छ जनालाई २०७८ सालको नइ पुरस्कार दिने घोषणा गरेको छ । नइ प्रकाशनबाट सुनगाभा विशेषज्ञ



प्रा.डा.विजया पन्तलाई 'नइ देरुनीख प्रदीप्ति पुरस्कार' र साहित्यकार श्रीमती गङ्गा लिगललाई 'नइ रेखा पुरस्कार' समर्पण गर्ने निर्णय भएको छ ।

यी दुवै पुरस्कारका राशि ताम्रपत्रसहित जनही साठी हजार रुपियाँ रहेका छन् । त्यसैगरी काठमाडौँ उपत्यका बाहिर रहेर नेपाली भाषासाहित्यमा क्रियाशील कञ्चनपुरका श्रीमती नारा जोशीलाई 'नइ बुलु शर्मा पुरस्कार', साहित्यकार, पत्रकार तथा सामाजिक अभियन्ता श्री ठाकुर बेलवासेलाई 'नइ देरुनीख गौरव पुरस्कार' र तेस्रोलङ्गी श्री भक्ति शाहलाई 'नइ रामलक्ष्मी पुरस्कार' समर्पण गरिने भएको छ । यी तीनै पुरस्कारका राशि ताम्रपत्रसहित जनही पचास हजार रुपियाँ रहेका छन् । साथै मिस नेवा सुश्री कृसा महर्जनलाई ताम्रपत्रसहित पच्चीस हजार रुपियाँ राशिको 'नइ देरुनीख पौरख पुरस्कार' समर्पण गरिने भएको छ । नइ प्रकाशनका अध्यक्ष श्रीमती इन्दिरा प्रसाईको अध्यक्षतामा बसेको नइ प्रकाशनको बैठकले सो निर्णय गरेको हो ।

# सफलताका सूत्र कृति लोकार्पण

काठमाडौं । साहित्यकार द्वय डा. नम्रता पाण्डे र डा. प्रद्युम्नराज पाण्डेद्वारा संयुक्त लिखित निबन्ध संग्रह सफलताका सूत्र बजारमा आएको छ । दायित्व वांगमय प्रतिष्ठानद्वारा प्रकाशित भएको उक्त कृति प्रज्ञा भवनको भव्य समारोहबीच लोकार्पण भएको हो। प्रमुख अतिथि नेपाली भाषा साहित्यका मूर्धन्य प्रा. डा. बासुदेव त्रिपाठी, नेपाली भाषा साहित्यका प्रखर विद्वान प्राध्यापक गोपी कृष्ण शर्मा, प्रा. डा. भागवत ढकाल, प्राज्ञ दिनेशराज पन्त, कृषि मन्त्रालयका सचिव डा. गोविन्द शर्मा, योजना आयोगका सचिव केवल प्रसाद भण्डारी, पूर्व सचिव शंकर प्रसाद पाण्डे र दायित्व बांमय प्रतिष्ठानका अध्यक्ष राम प्रसाद पन्तले संयुक्तरूपमा लोकार्पण गरेका थिए। प्रा. डा. भागवत ढकालले कृति माथि समालोचना गर्नुभएको थियो । यस भन्दा अगाडि पनि दम्पतीद्वयको संयुक्त प्रयासमा प्रकाशित आफ्नो किताब, ऊर्जा, रहस्य;जीवन र प्रेम कृति सफलताको पृष्ठपोषण पाएकोले लेखनप्रति अरु उत्साह थपिएकै कारण पुनः सफलताका सूत्र कृति रचना हुन पुगेको अध्यक्षद्वयको भनाई छ। जीवनमा सफल हुनैपर्छ, असफल व्यक्ति समाजमा कसैको प्रिय बन्न सक्दैन, कसैको सहानुभूति पाउन सक्दैन र उसको जीवन नै उसलाई बोझ महसुस




हुन्छ। इच्छा भएर मात्र जीवनमा वास्तविक सफलता प्राप्त हुदैन । यसको निम्ति निरन्तर लगावको जरूरत पर्दछ । प्रत्येक व्यक्तिको जीवनमा सफलताको रहस्य नै निरन्तर लगाव हो, संघर्ष हो, कडा परिश्रम र मिहिनेत हो जसले आफ्नो जीवनको लक्ष्यप्रति समर्पित गराउँछ । जीवनको उद्धेश्य र लक्ष्य के हो र यसले प्रत्येक व्यक्तिको जीवनलाई विधायकतातिर लैजान्छ या प्रतिस्पर्धातिर सोच्न सक्नु नै सफल जीवनका आधार हुन् भन्ने सूत्र कृतिमा समेटिएको लेखकद्वयले बताएका छन् । अस्तित्वले मानिसलाई दिएका सम्पदाहरूको सहि प्रयोग गर्नु नै सफल बन्नु हो। सफलताको महत्वपूर्ण राज आत्मविश्वास हो। कुनै एउटा विधामा सफलता हाँसिल गर्दैमा जीवनका अरू आयामहरू ओझेलमा पर्न नदिई सन्तुलित जीवन बिताउनु नै सफल हुनु हो । त्यसैले, सफल हुनु र बन्नु पहिले कुन क्षेत्रमा म किन सफल हुन चाहन्छु, अरूको देखेर, अरु जस्तै बन्न या आफ्नै सौख, स्वान्त सुखायको लागि अथवा सहज जीवनको लागि या कुनै पनि अन्य लक्ष्यको लागि हो त्यो निश्चित गर्नुपर्दछ भन्ने सूत्रहरू आफ्नो जीवनको अनुभूतिसँग मेल खाएका दृष्टान्त मार्फत प्रस्तुत गरिएको अध्यक्षद्वयको भनाई छ ।

# मानव धर्म र दायत्व

**डा. अमर कार्की**
जन्मः धापाखेल, ललितपुर
बसाइः फ्लोरिडा, यु एस ए

प्रकृतिको संरचना त अथाह छ।



जति डुब्यो त्यति गहिरो अनि जति बुझ्यो त्यती कठिन। सतही रुपमा प्रस्तुत गर्दा ढुंगा, माटो, हावा, पानी आदि निर्जिब बर्गमा पर्दछन भने प्राणी र बनस्पति सजिब बर्गमा पर्दछन। तर यि सबै एक अर्काका परिपुरक हुन। एक बिना आर्कोको अस्तित्व नै रहदैन। प्रकृतिले सबै सृजनाहरुको अस्तितत्व जोगाइ राख्न शक्ति सन्तुलनको नियम प्रति पादन गरेको छ। कहिलेकाहीँ यही सन्तुलन बिग्रदा यहाँ बिपदहरु आइ लाग्छन। यिनै बिपदबाट आफुलाई जोगाउनको लागि यि बर्गहरु बिच सघर्ष चल्छ। यसबाट कसैको पतन हुन्छ भने कसैको उत्थान हुन्छ र फेरि सन्तुलनमा आउछ ।

हामीले देख्दै भोग्दै आएको एउटा कुरा के हो भने प्रकृतिका सबै बस्तुहरु न्युनतम उर्जामा रहन चाहन्छन। सरल भाषामा भन्दा सबैले सजिलो बाटो र सजिलो ठाउँ रोज्दछन। उदाहरणको लागि पानी जहिले पनि गहिरो भागतिरै जम्मा हुन जान्छ। अग्लो ठाउँतिर बग्न वाजम्न पानीलाई पृथ्वीको गुरुत्वाकर्षणको बिरुद्दमा उर्जा खर्च गर्नु पर्ने हुन्छ । हामीलाई पनि कम मेहिनत पर्ने कार्य नै गर्न मन पर्छ नि हैन।९९ प्रतिशत प्राणीहरुले आफ्नो ९९ प्रतिशत समय आहाराकै खोजिमा बिताउछन। थोरै समय सृस्टीलाई निरन्तरता दिनमा खर्च गर्दछन । मानिस मात्र यस्तो एउटा जाती हो जसले आहारा खोज्न बाहेक अन्य मनोरन्जनका कुराहरुमा पनि पर्याप्त समय र उर्जा खर्च गरिरहेका हुन्छ। बास्तबमा यो प्रकृतिको उर्जा सन्तुलनको बिरुद्दमा छ । त्यसैले त जति जति मानबहरुले प्राकृतिक हिसाबले आहारा र सन्तान उत्पादन गर्ने भन्दा सोखका लागि कृतिम संरचनाको बिकासमा लागे उति उति नै प्रकृतिका अन्य संरचनाहरु लोप हुदै गए। यही क्रम रह्यो भने एक दिन उर्जाको बिस्फोटन हुनेछ र आधुनिक मानब जातीको पतन हुनेछ र फेरि नयाँ शुरुवात हुनेछ भनेर बैग्यानिकहरुले सचेत गराएका छन। ढुङ्गे युगमा मानिस र अरु जिबहरुको जिबन शैलीमा खासै फरक थिएन। त्यसैले प्रकृतिको उर्जा सन्तुलनमा थियो ।

मान्छे अरु जातीभन्दा बुद्दिमानी छन् जसले हामीलाई सभ्य बनाउन मद्दत गरेको छ। तर बुद्दि सङ्गै हामीमा स्वार्थ पनि पलाएर आयो।यही बढ्दै गएको स्वार्थले हामीलाई ब्रमाहन्डमै राज गर्ने आधुनिक बिकसित मानब बनायो। यो अति स्वार्थ र त्यस माथिको थप लोभले हामीलाई अन्धो बनाउदै छ र हामी अनजानमै प्रकृतिको बिनाश तिर पनि लागिरहेका छौ। हामी हरेक कार्य केही न केही स्वार्थ राखेर गर्दछौ । हामी धर्म समेत स्वार्थ राखेर गर्दछौ । धर्मको नाममा देउताको पुकार गर्छौ, प्राथना गर्छौ, पुजा पाठ गर्छौ के को लागि ? आफ्नोकुनै काम सफल पार्न, भाकल पुरा गर्न, पुनरजिबन सुधार्न, स्वर्गमा ठाउँ पाउन, मोक्ष प्राप्त गर्न। अझ यती सम्म नि गर्छौ कि आफ्नो रक्षार लाभको लागि ति अबोल जिबहरुको ज्यान बली दिन्छौ। संसारका धेरै प्रतिशत मान्छे आफ्नो स्वार्थ पुरा गर्न मठ, मन्दिर, चर्च, गुम्बा रमस्जिद जान्छन तर थोरै मान्छे नि भेट्न गार्हो हुन्छ जो निस्वार्थ भगबानको आरधाना गर्छन्। अझै अरुको लागि धर्म गर्ने महानब्यक्तिहरुको गन्ती त न्युन छ। मेरो पुज्य पिताजी पूर्ब न्यायाधीश श्री शम्भु बहादुर कार्की भन्नु हुन्थ्यो संसारमा केबल तिन प्रकारका मान्छे हुन्छन। एक जो अरुको हित हुने काम गर्छन ति महान ब्यक्ति अर्थात देब सरह हुन् । यिनीहरुको सख्या धेरै कम छ। दोश्रो जो नअरुको हित हुने न त अहित हुने काम गर्छन् । यि सज्जन ब्यक्ति हुन। आम मानिसहरु यही बर्गमा पर्दछन। तेश्रो जो अरुको अहित हुनेकाम गर्छन ति दुर्जन अर्थात दानब हुन। यिनीहरुको बिस्तारै बाहुल्य बढ्दै गएको भए पनि अहिले सम्म न्युन नै छ। हामी कस्तो ब्यक्ति बन्ने हामीले सोच्नु पर्छ ।

धर्म कर्मले हामीलाई सही पथमा चल्न दिशा प्रदान गर्दछ । मनमा भगबानको सच्चा आस्था भएको मान्छेले अरुको चित्त दुखाउदैन। तर यहाँ मेवा पाहिन्छ भनेर नै सेवा गर्ने हाम्रो प्रबृति छ। म मेरो भगबानलाई माया गर्छु त्यसैले उनको पुजा गर्छु भनेको त सुनिदैन। ठिक त्यसैगरी हामीलाई सङ्कट पर्दा वा आबस्यक पर्दा मात्र हामी हाम्रो बाबु आमालाई सम्झन्छौ। हामी तिनको पुजा पाठ गर्दैनौ, तिनलाई कुनै कुरा दान गर्दैनौ, तिनलाई खुशि पार्न फलफूल नैबेध र कपडा चढाउँदैनौ र तिनका लागि सुन्दर र महङ्गा मन्दिर बनाउँदैनौ। किनकि हामीलाई कुनै धर्मशास्त्रले नि यस्तो कुरा सिकाएको छैन। हामीले सिकेको र देखेको कुरा के छ भने आमा बुबाहरु मात्र त्यस्ता प्राणी हुन जसले सेवा बिना नै हामीलाई मेवा दिन्छन्। अघि नै माथि उल्लेख गरे नि मैले हामी सजिलो उपाय रोज्छौ भनेर। त्यसैले त कृश्न, बुद्द, जिसस, अल्लाह, साइ आदिले देखाएका सम्पूर्ण जगतकै कल्याण हुने कठिन पथमा आफु हिड्नु भन्दा तिनको एउटा मुर्ती बनाइ दिन्छौ रपुजा गर्न थाल्छौ। तिनलाई कहाँ राख्ने, कसरी राख्ने, के के चढाउने, कसलाई भेट्न दिने आदि सबै हामीले तय गरेका छौ किन कि मुर्तीबोल्दैन र कुनै गुनासो पनि गर्दैन ।

धर्म र पापको ब्यापार त शताब्दी देखि चलि आएकै हो । हाम्रा पुर्खाले गौदान गर्दथे ताकी त्यो दानबाट दान लिनेको मात्र नभै दान गरेको गौमाताको पनि कल्याण होस। जुन धर्मले हाम्रो पितृहरुको मुक्ति हुनेछ भन्ने बिस्वास थियो ।

आजकल गौदानको ठाउँ द्रब्य दानले लिएको छ। दियोको बत्तिलाई लाख बत्तिले प्रतिस्थपना गरेको छ। यसरी धार्मिक कार्यको खर्चबढेको छ तर उद्देस्य भने बदलिएको छैन् । जिबनमा जति नै कुकर्म गरे पनि भगबानको नाम लिए पछि सबै पाप कटिन्छ भन्ने भ्रम दिने केहीस्वार्थी धर्मका गुरु र पन्डितहरुले गर्दा पनि यस्तो होडबाजी बढ्दै गएको हुन सक्छ। तर जिबित बाबु आमा सङ्ग त्यसरी कुरो मिल्दैन।उनीहरु यो संसारबाट बिदा भए पछि बल्ल आफुले चाहे जस्तो उनिहरुको तस्बिर घरका भित्तामा राख्न पाहिन्छ, आफुले चाहेको अनुसारदान गर्न पाहिन्छ। हाम्रो धर्म संस्कारले पनि माता पिताको सेवा कसरी गर्ने र गरेमा कस्तो पुन्य मिल्छ भनेर राम्रो संग बताएको छैन।त्यसैले जिउँदो माता पिताको अनुहार पनि हेर्न नचाहनेहरु पनि मृत्यु पस्चात काज किरिया र श्राध्द गर्न जसरी नि आइपुग्छन। पुरेत, छिमेकी, नातागोता र साथीभाइ पनि यि संस्कार पूर्ण रुपमा पालना गराउन र भए नभएको निर्क्योल गर्न हरहमेसा चनाखो भएर लागेका हुन्छन। उनीहरुले आफ्नो धर्म र दाइत्व यसरी निभाउछन । जिउँदो हुँदा तिनका बृद्द मातापिताले स्याहार सुसार पाए पाएनन, तिनको हालखबर बुझ्ने चासो कसैलाई हुदैन्। किनकि त्यो उनिहरुको धर्म र दाइत्व दुबैमा पर्दैन ।

हामीलाई बाबुले जिबन दिए । आमाले बडो कस्ट सहेर नौ महिना गर्भमा राखिन । प्रसब पिडामा पनि हासेर जन्म दिइन र बर्षौ आफ्नो छाती चुसाएर हुर्काइन। दुबैले आफ्नो ज्यान भन्दा प्यारो गरेर स्याहार सुसार गरे, शिक्षा दिए र एउटा मान्छे बनाए हामीलाई। त्यतिमात्र कहाँ होर आफुले पसिना चुहाएर कमाएको सम्पतीको हकदार पनि बनाए । बिध्यालय, महाबिध्यालयका गुरुहरु कसैले नैतिक, कसैले ब्यबहारिक त कसैले ब्यबसाहिक ज्ञान दिए र एउटा सबल ब्यक्ति बनाए । ति दाजु भाइ , दिदी बहिनी, काका काकी छिमेकीहरुबाट नि केही त पायौ होला, केही त सिक्यौ होला नि हामीले ।

अनि खै त तिनको सम्झना ? खै त तिनको जय जय ? खै त तिनको पुजा ? खै त तिनकोको लागि बहस ? खै त तिनको लागि बर्त ? खै ततिनको लागि जुलुस र नारा अनि खोइ तिनको भक्ति हामीले गरेको ? यिनीहरु सबै कतै न कतै भगबानकै रुपमा हाम्रो जिबनमा साथ दिनआइपुगेका हुन्छन। त्यसैले सबैको जय जय गरौ सबैको भलो हुने र मानब कल्याण हुने भजन गरौ। यो नै हाम्रो धर्म र दाइत्व हो । गिताले नि यही सन्देश दिन्छ ।

# वायुसेवा निगमका अध्यक्ष युवराज अधिकारीलाई निलम्बन गर्न प्रस्ताव

काठमाडौं । संस्कृति पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयले नेपाल वायुसेवा निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीलाई निलम्बन गर्न प्रस्ताव गरेको छ । मन्त्रालयले निगमलाई वित्तीय हानि नोक्सानी पुऱ्याएको आरोपसहित उनलाई निलम्बन गर्न मन्त्रिपरिषदमा प्रस्ताव गरेको हो । कार्यकारी अध्यक्ष युवराज अधिकारीले कानुनी आधार र औचित्यबिना ट्वीनेटर विमान भाडामा दिएको, निगमको जहाज साउदी अरब सञ्चालन गर्ने प्रयोजनको लागि भ्रमण कार्यमा विना निर्णय जम्बो टोली सहभागी गराई निगमलाई ठलो वित्तीय हानी नोक्सानी पुर्याएको, सार्वजनिक प्रतिस्पर्धा नगराई एउटा संस्थालाई मात्र सहभागी गराई सिधै टिकट विक्री गर्ने कार्य गरेको र यस कार्यमा कार्यकारी अध्यक्ष आफै सलग्न भई व्यक्तिगत फाइदा लिएको देखिएको, मन्त्रालयका सचिव महेश्वर न्यौपानले पेस गरेको प्रस्तावमा उल्लेख छ । निगमका पदाधिकारीहरू र कर्मचारीहरूलाई अनुशासनमा राख्न नसकेको. सञ्चालक समितिको बैठकमा सबै पदाधिकारी हरूलाई समेटी बैठक सञ्चालन गर्न नसकेको, निगमको प्रभावकारिताको लागि रणनीतिक योजना बनाई कार्यान्वयन गर्न नसकेको, निगमको व्यवस्थापनलाई चुस्त दुरूस्त बनाउन नसकेको, पद अनुसारको आचरण प्रदर्शन गर्न नसकेको, पदीय कर्तव्य बाँकी ६ पृष्ठमा

# २०२२ नाडा अटो शो को स्टल बुकिङ गोलाप्रथावाट सम्पन्न

काठमाडौं । नाडा अटोमोवाइल्स् एशोशियसन अफ नेपालद्वारा यही भाद्र ७ देखि १२ गते सम्म आयोजना गरिने नाडा अटो शो २०२२ को गत हप्ता खुल्ला गरिएको स्टल बुकि का लागि रजिष्ट्रेशनमा उल्लेखिय सहभागिता रहेको आयोजकले जानकारी गराएको छ ।

चार दिनकालागि खुल्ला गरिएको रजिष्ट्रेशनमा दुई दिनमै सम्पूर्ण सम्भावित सहभागि कम्पनीहरुको दर्ता भई सकेको थियो ।

बिहिबार असार २ गते गरिएको गोला प्रथा अन्तर्गत सबै कम्पनीहरुको प्रतिनिधि, प्रदर्शनी व्यवस्थापन कम्पनी ग्लेबल एक्स्पोजिशनका प्रतिनिधि, नाडा कार्य समिति पदाधिकारी सदस्य एवं नाडा अटो शो कमिटीका सदस्यहरुको उपस्थितिमा सहभागी कम्पनीहरुलाई स्टलको छनोट एवं बाँड-फाँड गरि एको छ ।



विगतका संस्करणहरु भन्दा पृथक यस वर्ष कमर्शियल भेहिकलहरुको सहभागिता रहनुका साथै विद्युतीय सवारी साधनलाई प्रोत्साहन गर्ने उदेश्यले छुट्टै दुई पाँग्रे इलेक्ट्रिक पेभिलियन समेत राखिएको छ ।

कोभिड महामारीका कारण दुई वर्ष पछि आयोजना गर्न लागिएको उक्त प्रदर्शनीमा अटो व्यासायीहरुको भव्य सहभागिताले आयोजक

नाडा प्रोत्साहित हुनुका साथै सुस्ताई रहेको अटो व्यवसाय चलायमान हुनेमा पनि आयोजक विश्वस्त रहेको सार्वजानिक कार्यक्रमा जानकारी दिएको थियो । नाडा अटो शो समितिका सभापति अनुप कुमार बरालका अनुसार अटो व्यवसायीहरुको प्रोत्साहन, बजार सर्वेक्षण एवं नयाँ ब्राण्डहरुको प्रक्षेपणका लागि समेत नाडा अटो शो अपरिहार्य रहेको छ । अटोमोबाइल क्षेत्रमा भइरहेका नव प्रवर्तन, आविष्कार , भविष्यका सवारी साधनका परि कल्पना, इन्जिनियरि , म्यानुफ्याक्चरि ङग कम्पनीहरुका विज्ञ एवं जानकार हरुसंगको छलफल तथा अन्तक्रिया समेटिएको संगोष्ठी यस वर्षको विशेष आकर्षण हुने पनी सभापति अनुप कुमार बरालको भनाई रहेको छ ।

# नेपाली बजारमा सुजुकीका दुई मोडल भित्रिदै

काठमाडौं । नेपाली बजारमा सुजुकीका दुई मोडल केही समयमै भित्रिने भएका छन् । सुजुकी एभेनिस स्कुटर करिब एक महिना भित्रै नेपाली बजारमा भित्रिने छ भने सुजकी भी-स्टोर्म २५० आगामी भदौमा हुने नाडा अटो शो सम्म भित्रिने अनुमान गरिएको छ । सुजुकीको नेपालका लागि आधिकारिक वितरक भीजी अटोमोबाइल्सले नयाँ वर्ष २०७९ पश्चात नै सुजुकी एभेनिस नेपाली बजारमा उपलब्ध गराइसक्ने बताए पनि यो विभिन्न कारणले ढिलाई भइरहेको छ । अब करिव एक महिना भित्रै यो स्कुटर भित्रिने कम्पनी स्रोतले बताएको छ । त्यसैगरी सुजुकीको एड्भेन्चर बाइक भी-स्टोर्म २५० आगामी भदौको प्रारम्भमै हुने नाडा अटो शो सम्म आउन सक्ने अनुमान गरिएको छ ।

सुजुकी एभेनिस

सुजुकी एभेनिसमा एफआई टेक्नोलोजीसहितको शक्तिशाली १२५ सीसी इन्जिन जडान गरिएको छ । जसले ६७५० आरपीएममा ८.७ पीएस पावर र ५५०० आरपीएममा १० एनएमको टर्क जेनेरेट गर्छ । स्कुटरको कुल वजन १०६ किलोग्राम छ । सुजुकी एभेनिसमा फ्युल भर्न सजिलोको लागि नयाँ बाहिरी हिंज टाइप फ्युल क्याप पेश गरिएको छ । सुजुकी एभेनिसमा यूएसबी सकेटको





साथमा ठुलो अन्डर सिट स्पेस र फ्रन्ट बक्स जस्ता फिचर रहेको छ । एड्भान्स स्पोर्टी स्टाइलिङ, मोटरसाइकलबाट प्रेरित रियर इन्डिकेटर, बडी माउन्ट ब्राइट एलईडी हेडल्याम्प र एलईडी टेलल्याम्पले सुसज्जित रहेको छ । सुजुकी एभेनिसमा एड्भान्स स्पोर्टी डिजाइन रहेको छ । जसमा मोटरसाइकलबाट प्रेरित स्प्लिट ग्र्याब रेल, स्पोर्टी मफलर कभर, स्पिडी लुक दिने अलोय ह्विल, बोल्ड सुजुकी ब्रान्डिङ र ट्रेन्डी ग्राफिक्स जस्ता फिचर समावेश छ । सुजुकी एभेनिस कन्सोललाई एन्ड्रोइड र एप्पल दुवै फोनमा जडान गर्न सकिन्छ । फोन जडान गर्न आफ्नो एन्ड्रोइड टीएम वा आईओएस डिभाइसमा 'सुजुकी राइड कनेक्ट' एप डाउनलोड गर्नुपर्छ र एप्लिकेसन इन्स्टल गरिसके पछि प्रयोगकर्ताले स्कुटरलाई फोनबाट कनेक्ट गर्न सकिन्छ । त्यसपछि नेभिगेसन असिस्टेन्स र लास्ट पार्क लोकेसन र ट्रिप रिपोर्ट जस्ता फिचर प्रयोग गर्न सकिन्छ । न्यु सुजुकी एभेनिस एसईपी टेक्नोलोजी र सुजुकी राइड कनेक्टले सुसज्जित रहेको र यसले गर्दा सबैभन्दा स्पोर्टी र तीव्र गतीको सवारी हुने कम्पनीले जानकारी दिएको छ । ब्लुटुथ डिजिटल कन्सोलको साथमा सुजुकी राइड कनेक्ट एप्लिकेशन मार्फत मोबाइल फोन सिंक गर्न सकिन्छ । जसमार्फत राइडरले टर्न बाई टर्न नेभिगेसन, इनकमिङ कल, एसएमएस र ह्वाट्सएप अलर्ट डिस्प्ले, मिस्ड कल र अनरिड एसएमएस अलर्ट, ओभर स्पिड अलर्ट, बाँकी ६ पृष्ठमा

# बीवाईडी अल न्यु ई६ पुरानै मूल्यमा : लिमिटेड स्टक उपलब्ध

काठमाडौं । आगामी आर्थिक वर्षको लागि सरकारले १०० किलोवाट भन्दा माथिका विद्युतीय सवारी साधनको कर बढाए पनि नेपालमा उपलब्ध विद्युतीय कार मध्ये सबैभन्दा




बढी रेन्ज दिने दाबी गरिएको बीवाईडी अल न्यु ई६ भने पुरानै मूल्यमा उपलब्ध हुने भएको छ ।

पहिले देखि नै नेपाली बजारमा उपलब्ध भएको र ५७ लाख ५० हजार रुपैयाँ मूल्य तोकिएमो अल न्यु ई६ को लिमिटेड स्टक उपलब्ध भएको आधिकारिक बितरक साइमेक्स इंकले बताएको छ ।

बजेटमा सरकारले १०० किलोवाट भन्दा बढी क्षमताका इलेक्ट्रिक कारको मूल्य बढाउने बताएको छ । तर अल न्यु ई६ मा १०० किलोवाट भन्दा कम क्षमताको मोटर जडान भएकाले बजेटको असर यसमा पर्ने छैन ।

नयाँ बीवाईडी ई६ नेपाली बजारमा उपलब्ध हुने सबैभन्दा धेरै रेन्ज दिने इलेक्ट्रिक कार बनेको छ । यसमा भएको ७१.७ किलोवाट आवरको ब्लेड ब्याट्री प्याकका कारण यसले सिंगल चार्जमा ५२२ किलोमिटर रेन्ज प्रदान गर्छ । त्यसैगरी यसमा भएको ७० किलोवाटको इलेक्ट्रिक मोटरले १८० एनएम टर्क जेनेरेट गर्छ ।

ब्लेड ब्याट्री हाल बजारमा आएको नयाँ प्रविधिको ब्याट्री हो, जसलाई इलेक्ट्रिक गाडीमा प्रयोग गर्न सकिन्छ ।ब्याट्री प्याक अनुसार फरक फरक क्षमताका ब्लेड ब्याट्री उपलब्ध छन् । यसलाई ब्याट्री प्याकमा ब्लेड जसरी मिलाएर राख्न सकिन्छ । परम्परागत लिथियम ब्याट्री र लिथियम आइरन फस्फेट ब्याट्री भन्दा यो बढी सुरक्षित हुनुका साथै लामो रेन्ज दिने र टिकाउ समेत हुन्छ ।

नयाँ बीवाईडी ई६ मा स्मुथ र कम्फर्टेबल राइडको अनुभव गर्न सकिन्छ । यसमा ५८० लिटरको बुट स्पेस र इन्टेरियरमा भएको प्रशस्तै स्पेसले यसलाई थप सुविधाजनक बनाएको छ । यसमा भएको म्याकफर्सन स्ट्रट फ्रन्ट सस्पेन्सन र रियर मल्टी-लिंक सस्पेन्सन च्यासिसले यसले प्रदान गर्ने सुविधालाई थप बढाएको छ ।

बीवाईडी ई६ कारलाई विभिन्न तरिकाले चार्ज गर्न सकिने भएकाले आफूलाई उपयुक्त अप्सन प्रयोग गर्न सकिन्छ । यसलाई चार्ज गर्नका लागि एसी र डीसी फास्ट चार्जिङ दुवै अप्सन प्रयोग गर्न सकिन्छ । एसी फास्ट चार्जरले २ घण्टामा र डीसी बुस्ट चार्जरले १ घण्टा १० मिनेट सम्ममा यसलाई फुल चार्ज गर्न सकिन्छ । त्यसैगरी ६.६ किलोवाट होम चार्जरले यसलाई १० घण्टामा फुल चार्ज गर्न सकिन्छ ।

अल न्यु बीवाईडी ई६ बोसको अत्याधुनिक आईपीबी इन्टेलिजेन्ट इन्टिग्रेटेड ब्रेक कन्ट्रोल सिस्टम प्रयोग गरिएको विश्वकै पहिलो इलेक्ट्रिक कार हो । यसका कारण ब्रेकिङ फिल स्मुथ हुनुका साथै फास्ट रेस्पोन्स हुन्छ । यसले ब्रेकिङलाई सहज बनाउँछ ।

गाडीमा ईपीएस, एबीएस, ईएसपी, ईपीबी, भीडीसी, बीओसी, ईबीडी, हिल स्टार्ट असिस्ट कन्ट्रोल, हाइड्रोलिक ब्रेक फोर्स डिस्ट्रिब्युसन आदि सेफ्टी फिचर उपलब्ध छन् ।

५ सिट क्षमताको नयाँ बीवाईडी ई६ को लम्बाई, चौडाई र उचाई क्रमश: ४६९५ एमएम, १८१० एमएम र १६७० एमएम छ । यसको ह्विलबेस २८०० एमएम छ। त्यसैगरी १७५ एमएम ग्राउन्ड क्लियरेन्स छ ।

बीवाईडीको यो इलेक्ट्रिक कारमा भएको ब्याट्रीमा ८ वर्ष वा ५ लाख किलोमिटर सम्मको वारेन्टी प्रदान गरिने कम्पनीको भनाइ छ । त्यसैगरी मोटर, इलेक्ट्रोनिक कन्ट्रोल सिस्टम र ट्रान्समिसन एसेम्बलीमा ५ वर्ष वा १ लाख ५० हजार किलोमिटर सम्मको वारेन्टी प्रदान गरिने छ ।

# शिविर तथा उत्प्रेरणा कार्यक्रम सम्पन्न

काठमाडौं। आठौं अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा गृहमन्त्री बालकृष्ण खाणको प्रमुख आतिथ्यमा नेपाल प्रहरी प्रधान कार्यालयमा सोमबार आयोजित शिविर तथा उत्प्रेरणा कार्यक्रम (योगा) सम्पन्न भएको छ। कार्यक्रमलाई सम्बोधन गर्दै गृहमन्त्री खाणले 'मानवताको लागि योग' भन्ने नारालाई आत्मसात् गरी कुनै पनि द्वेषभाव र मन मुटाव नराखी एक आपसमा सदभाव, सौहार्दता, मेलमिलाप र हार्दिकताको सम्बन्ध कायम गरी पवित्र मनोभावका साथ समाज र राष्ट्रको हित र विकासमा आफूलाई समर्पित गर्नुपर्ने बताउनुभयो । साथै उहाँले योग र प्राणायामको नियमित अभ्यासले मानव शरीर र मस्तिष्कलाई सन्तुलित र स्वस्थ राखी सकारात्मक सोच विकास गर्ने चर्चा गर्नुभयो । गृहमन्त्री खाणले विविध कारणले मानव जीवनमा उत्पन्न हुने तनाव, चिन्ता, रिस, आक्रोश, द्वेष र विचलनलाई नियन्त्रण गरी मानिसको भौतिक शरीर, मानसिक अनुभूति र बाँकी ६ पृष्ठमा

बाढी / पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएमा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भूकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलोवा नहर जस्ता संरचना बनाऔं ।

भु-क्षयबाट बचौ र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१–४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस